गत आ.व.मा नेपाल सरकार बाट कार्यालय व्यवस्थापन अन्तगर्तको पुजिगत खर्च रु ४८०००००।०० लाई तपसिल बमोजिमको खर्च शिर्षक अन्तगर्त विनियोजन गर्ने निर्णय गरियो ।

| क्र.स. | खर्च शिर्षक | बजेट | कैफियत |
|---|---|---|---|
| १ | फर्निचर तथा फिक्चर्स | ८०००००।०० | विभिन्न शाखाको लागि |
| २ | मेशिनरी औजार | २५०००००।०० | विभिन्न शाखाको लागि कम्प्युटर तथा सोलार जडान |
| ३ | पुजिगत सुधार | १५०००००।०० | वडा कार्यालय तथा कार्यपालिका कार्यालय मर्मतको लागि |
| | जम्मा | ४८००,०००।०० | |

गाउ कार्यपालिका बैठक

बैठक नं १६

आज मिति २०७४ साल फागुन १४ गते यस कालीगण्डकी गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री खिम बहादुर थापाको अध्यक्षतामा बसी निम्न बमोजिमको उपस्थितीमा तपशिल बमोजिमका प्रस्तावहरु माथि छलफल गरि निर्णयहरु गरियो ।

उपस्थिती :

| | | |
|---|---|---|
| श्री खिम बहादुर थापा | अध्यक्ष | |
| श्री साबित्रा कोईराला | उपाध्यक्ष | |
| श्री गणेश प्रसाद खनाल | प्रमुख प्रशासकिय अधिकृत | |
| श्री सोभिलाल चौतारे | वडाध्यक्ष वडा नं. १ | |
| श्री नर बहादुर राना | वडाध्यक्ष वडा नं. २ | |
| श्री राम बहादुर आले | वडाध्यक्ष वडा नं. ३ | |
| श्री चक्रपाणी पाण्डे | वडाध्यक्ष वडा नं. ४ | |
| श्री लोकेदार थापा | वडाध्यक्ष वडा नं. ५ | |
| श्री लिला बल्लभ अधिकारी | वडाध्यक्ष वडा नं. ६ | |
| श्री मुक्ति प्रसाद भट्टराई | वडाध्यक्ष वडा नं. ७ | |
| श्री मन्धरा पाण्डे | कार्यपालिका सदस्य | मन्धरा |
| श्री कोमाया सोमै | कार्यपालिका सदस्य | |
| श्री टीकिसरा भट्टराई | कार्यपालिका सदस्य | टिकसिरा |
| श्री टिकाकुमारी विश्वकर्मा | कार्यपालिका सदस्य | |
| श्री शोभाखर दर्जी | कार्यपालिका सदस्य | |
| श्री थानेश्वर बि.क. | कार्यपालिका सदस्य | थानेश्वर |

आमन्त्रित :

हिरामणी पाण्डे	प्रशासन शाखा प्रमुख

सागर सुवेदी	लेखा प्रमुख

प्रस्तावना :

१. Room To Read को लागि स्वीकृत सम्वन्धमा ।

२. भुकम्पको वडागत तथा गाउँपालिका स्तरिय गुनासो व्यावस्थापन समिति गठन सम्वन्धमा ।

३. गाउँपालिका स्तरिय प्रधानाध्यपकहरुको लागि शैक्षिक अनुगमन भ्रमण गराउने सम्वन्धमा ।

४. होमेस्टे प्रवर्धनका लागि अनुगमन भ्रमण सम्वन्धमा ।

५. उद्यमशिलता तालिम सञ्चालन सम्वन्धमा ।

६. व्यावसाय दर्ता सम्वन्धमा ।

७. स्वीपर तथा का.स राख्ने सम्वन्धमा

८. Back Hoe Loader को लागि Operator र सहायक Operator राख्ने सम्वन्धमा

९. कवाडी सामाग्री निकासी सम्वन्धमा ।

१०. ढुङ्गा ,गिटी ,वालुवाको विक्रि सम्वन्धमा ।

११. नारी दिवस मनाउने सम्वन्धमा ।

निर्णय नं १ :

प्रस्ताव नं १ माथि छलफल गर्दा Room To Read भन्ने संस्थाले यस गाउँपालिका भित्र कार्यक्रम सञ्चालनको लागि अनुमती माग भएकोमा कार्यक्रम सञ्चालनको लागि स्वीकृत प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं २ :

प्रस्ताव नं २ माथि छलफल गर्दा भुकम्प प्रभावितहरुको गुनासोलाई तत्काल व्यावस्थापन गर्नको लागि वडा स्तरिय गुनासो व्यावस्थापन समिती तथा गाउँपालिका स्तरिय गुनासो व्यावस्थापन समिति गठन

गर्ने निर्णय गरियो । सबै वडा स्तरिय गुनासो व्यावस्थापन समितिमा इं अभिशेख प्रधानलाई पठाउने निर्णय गरियो । साथै गाउँपालिका स्तरिय गुनासो व्यावस्थापन समितिमा पदेन सदस्यहरु वाहेक प्रहरी चौकी विर्घाका असही धन बहादुर अधिकारी लाई राख्ने निर्णय गरियो ।

निर्णय नं ३:

प्रस्ताव नं ३ माथि छलफल गर्दा गाउँपालिकाका सबै विद्यालयहरुको प्रधाननध्यापकहरुको लागि नमुना विद्यालयहरुको अनुगमन गराई शैक्षिक स्तरोन्नती गर्ने अभिप्रायका साथ यही फागुन २४ देखी २७ सम्म अनुगमन भ्रमण गराउने र त्यसका लागि गाउँपालिकाले कार्यक्रम खर्चवाट यातायात खर्च व्यहोर्ने गरी निर्णय गरियो ।

निर्णय नं ४ :

प्रस्ताव नं ४ माथि छलफल गर्दा गाउँपालिकामा होमस्टे सञ्चालन तथा प्रर्वदन गर्नको लागि गाउँसभाका सबै प्रतिनिधि र वडा नं २, ३ र ६ का होमस्टे सञ्चालन क्षेत्रका व्यत्तिहरु प्रति वडा ७ जनाका दरले छनौट गरी यहि चैत्र १ , २ र ३ गते अनुगमन भ्रमणमा जाने निर्णय गरियो ।

निर्णय नं ५ :

प्रस्ताव नं ५ माथि छलफल गर्दा गाउँपालिका स्तरिय उद्यमशिलता तालिम सञ्चालनका लागि कृषि क्षेत्रको लागि बिनियोजित बजेटवाट प्रत्येक वडावाट दश जनाका दरले प्रतिनिधित्व गराउने गरी तालिम प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं ६ :

प्रस्ताव ६ माथि छलफल गर्दा गाउँपालिकाका सबै प्रकारका साना , मझौला तथा ठुला व्यावसायहरुलाई सम्वन्धीत वडा कार्यलयहरुमा व्यावसाय दर्ताको प्रकृया तत्काल अगाडी वढाउने निर्णय गरियो ।

निर्णय नं ७ :

प्रस्ताव नं ७ माथि छलफल गर्दा सर्शर्त अनुदान तर्फको स्वास्थ क्षेत्रतर्फबाट विनियोजित रकमवाट आवश्यकता हेरी कार्यलय सहयोगी र स्वीपर राख्नको लागि कार्यलयलाई अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं ८ :

प्रस्ताव नं ८ माथि छलफल गर्दा Back Hoe Loader खरिद प्रकृया अगाडी वढी सकेको परिपेक्षमा Operator र सहायक Operator राख्नको लागि कार्यलयलाई अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं ९ :

प्रस्ताव नं ९ माथि छलफल गर्दा गाउँपालिका क्षेत्रवाट कवाडी सामाग्री निकासीको लागि राजश्व परामर्श समितिले सिफारिस गरे बमोजिम न्युनतम रु २६०००। रकम कायम गरि निकासी सुचना जारी गर्ने निर्णय गरियो ।

निर्णय नं १०

प्रस्ताव नं १० माथि छलफल गर्दा गिटि बालुवा विक्रि प्रकृयामा नगएका नाकाहरु रुद्रवेणी , कोटाकोट लसर्घा बेसी र सटुका दिभल काभ्रे को हकमा कार्यालयवाट तत्काल रसिद छपाईगरी जम्मा विक्रिको ३० प्रतिशत रकम उठाउने व्यक्ति वा संस्थालाई दिने गरि विक्रिगर्ने निर्णय गरियो ।

निर्णय नं : ११

प्रस्ताव नं ११ माथि छलफल गर्दा नारी दिवसको उपलक्ष्यमा नेतृत्व विकास सम्वन्धी विविध कार्यक्रमहरु गर्नको लागि महिला लक्षित कार्यक्रमवाट रु ७०००० विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं १२

प्रस्ताव नं १३ माथि छलफल गर्दा सबै वडा कार्यलयहरुमा हाल सम्म भएका विकास निर्माणका कार्यहरु बारेमा जानकारी आदान प्रदान गरियो ।

गाउ कार्यपालिका बैठक

बैठक नं १८

आज मिति २०७४ साल चैत्र २९ गते यस कालीगण्डकी गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री खिम बहादुर थापाको अध्यक्षतामा बसी निम्न बमोजिमको उपस्थितीमा तपशिल बमोजिमका प्रस्तावहरु माथि छलफल गरि निर्णयहरु गरियो ।

उपस्थिती :

| | |
|---|---|
| श्री खिम बहादुर थापा | अध्यक्ष |
| श्री साबित्रा कोईराला | उपाध्यक्ष |
| श्री गणेश प्रसाद खनाल | प्रमुख प्रशासकिय अधिकृत |
| श्री सोभिलाल चौतारे | वडाध्यक्ष वडा नं. १ |
| श्री नर बहादुर राना | वडाध्यक्ष वडा नं. २ |
| श्री राम बहादुर आले | वडाध्यक्ष वडा नं. ३ |
| श्री चक्रपाणी पाण्डे | वडाध्यक्ष वडा नं. ४ |
| श्री लोकेदार थापा | वडाध्यक्ष वडा नं. ५ |
| श्री लिला बल्लभ अधिकारी | वडाध्यक्ष वडा नं. ६ |
| श्री मुक्ति प्रसाद भट्टराई | वडाध्यक्ष वडा नं. ७ |
| श्री मन्धरा पाण्डे | कार्यपालिका सदस्य |
| श्री कोमाया सोमै | कार्यपालिका सदस्य |
| श्री टीकिसरा भट्टराई | कार्यपालिका सदस्य |
| श्री टिकाकुमारी विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री शोभाखर दर्जी | कार्यपालिका सदस्य |
| श्री थानेश्वर बि.क. | कार्यपालिका सदस्य |

**प्रस्तावना :**

१. Back Hoe Loaderसञ्चालन कार्यविधि पारित सम्वन्धमा

२. घर जग्गा नक्सा पासको लागि परामर्शदाता छनौट गरी प्रकृया अगाडी वढाउने सम्वन्धमा ।

३. आगामीं आ.व मा गाउँपालिकामा सञ्चालन गरिने आयोजनाको DPR तयार गर्न परामर्शदाता छनौट गर्ने सम्वन्धमा ।

४. उपभोत्ता समिति मार्फत गरिने आयोजनामा डोजर प्रयोग सम्वन्धमा ।

५. Home Stay को खर्च सार्वजनिकरण तथा आगामी कार्यक्रम वारे छलफल ।

६. सडक वोर्ड नेपालवाट प्राप्त रकमको वाडफाड सम्वन्धमा

७ . दोस्रो चौमासिकको सार्वजनिक सुनवाईको मिति र स्थान तोक्ने सम्वन्धमा ।

८. सार्वजनिक जग्गा खोजविन तथा लागत तयार गर्ने सम्वन्धमा ।

९. गाउँपालिका महासँघको सदस्यता वारेमा ।

१०. कार्यालय सहयोगी तथा Back Hoe Loaderचालक र सहचालकको अन्तवार्ता सम्वन्धमा।

११.मिनि टेलर हाते ट्याक्टर वितरण सम्वन्धमा ।

१२. गाउँपालिका कार्यालयमा खानेपानि व्यावस्थापन सम्वन्धमा ।

१३.वडा कार्यलयहरुवाट भएका योजनाहरुको वारेमा छलफल ।

निणर्य नं १ :

प्रस्ताव नं १ माथि छलफल गर्दा **कालीगण्डकी गाउँपालिकाको ब्याक हो लोडर संचालन सम्बन्धी कार्यविधि ,** २०७४सर्वसहमतीले पारित गर्ने निर्णय गरियो ।

निर्णयनं२

प्रस्ताव नं २ माथि छलफल गर्दा आगामी आ.वका लागि मुख्य आयोजनाहरुको DPRतयार गर्नको लागि पुजीगत परामर्श अर्न्तगतको शिर्षकवाट खर्च व्यहोर्ने गरी परामर्शदाता छनौट गर्ने निर्णय गरियो ।

निर्णय नं ३ :

प्रस्ताव नं ३ माथि छलफल आगामी आ.व देखी गाउँपालिका क्षेत्रमा जग्गा नाम नक्सा पास गरी घर निर्माणको आधार तयार गर्नको लागि पुजीगत परामर्श अर्न्तगतको शिर्षकवाट खर्च व्यहोर्ने गरी परामर्शदाता छनौट गर्ने निर्णय गरियो ।

निर्णय नं ४ :

प्रस्ताव नं ४ माथि छलफल गर्दा यस गाउँपालिका क्षेत्रमा उपभोक्ता समिति मार्फत सञ्चालनमा आउने आयोजनाहरुको हकमा यस आर्थिक वर्षको हकमा शत प्रतिशत नै डोजर प्रयोग गरी निर्माण गरेको भएता पनि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं ५ :

प्रस्ताव नं ५ माथि छलफल गर्दा मिति २०७४।१२।०१ देखी २०७४।१२।०३ सम्म वन्दीपुर गाउँपालिकाको वन्दीपुर होम स्टे र कालासोथार गाउँपालिकाको घलेगाउँमा जादा जम्मा खर्च २७५८८०। -दुइ लाख पचहत्तर हजार आठ सय असी ) लाई कार्यपालिकाद्धारा अनुमोदन गर्ने निर्णय गरियो । साथै होम स्टे प्रर्वदनको लागि विनियोजित रकमवाट वचत रु १२४१२०। रकमलाईहोम स्टे तालिममा लगाउने गरि निर्णय गरियो ।

निर्णय नं ६

प्रस्ताव नं ६ माथि छलफल गर्दा सडक वोर्ड नेपालवाट प्राप्त रु १२०००००। -अक्षररुपी रु बाहर लाख )लाई तपशिल बमोजिमको सडक मर्मतको लागि तपशिल बमोजिमको बजेट विनियोजन गर्ने निर्णय गरियो ।

क) मिर्मिचोक देखी क्याम्पस जाने बाटोको लागि -रु ८०००००।

ख) भुस्टुङ वनकसी सडक निर्माण -रु ४०००००।

निर्णय नं ७

प्रस्ताव नं ७ माथि छलफल गर्दा आगामि दोस्रो चौमासीक सार्वजनिक सुनुवाई कार्यक्रम वडा नं १ को कोटाकोट निमाविमा छापडाडामा वैशाख २२ गते शनिवार गर्ने गरी निर्णय गरियो ।

निर्णय नं ८

प्रस्ताव नं ८ माथि छलफल गर्दा यस गाउँपालिका क्षेत्र भित्रको सार्वजनिक जग्गा खोजविन गर्न कार्यालयले तत्काल प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

निर्णय नं ९

प्रस्ताव नं ९ माथि छलफल गर्दा गाउँपालिका महासँग को केन्द्रिय सदस्यमा निर्वाचित हुनुभएकोमा गाउँपालिका अध्यक्ष खिम वहादुर थापा लाई वधाई सहित शुभकामना व्याक्त गर्ने निर्णय गरियो । साथै सो महासँघको सदस्यता शुल्क वापत रु २००००। र प्रवेश शुल्क वापतको रु ५०००। रकम गाउँपालिकाले प्रदान गर्ने निर्धारणगरियो ।

निर्णय नं १०

प्रस्ताव नं १० माथि छलफल गर्दा गाउँपालिका कार्यालय अन्तर्गतका विभिन्न कार्यालयहरुको लागि विज्ञापन गरिएको कार्यलय सहयोगी तथा हेवी इक्युपमेन्ट चालक र सह चालकको छनौट गर्नको लागि तपशिल बमोजिमको छुट्टा छुट्टै छनौट तथा अर्न्तवार्ता समिति गठन गर्ने निर्णय गरियो ।

**कार्यालय सहयोगीको लागि :**

| | |
|---|---|
| प्रशासन शाखा प्रमुख | संयोज्यक |
| संयोजकले तोकेको एक जना | सदस्य |
| स्वास्थ शाखा प्रमुख | सदस्य |

**हेवी इक्युपमेन्ट चालकको लागि :**

| | |
|---|---|
| प्रमुख प्रशासकिय अधिकृत | संयोज्यक |
| प्रशासन शाखा प्रमुख | सदस्य |
| प्राविधिक शाखा प्रमुख | सदस्य |

निर्णय नं ११ :

प्रस्ताव नं ११ माथि छलफल गर्दा वडा नं ७ कार्यालय मार्फत मिटि टेलर वितरणको लागि विनियोजित रु ४०००००। रकम सो वडा कार्यलयमा रहेका संस्थागत कृषि समुहहरुको लागि शत प्रतिशत अनुदानमा वितरण गर्नको लागि वडा कार्यलयलाई अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं १२ :

प्रस्ताव नं १२ माथि छलफल गर्दा गाउँपालिका कार्यलयमा खानेपानि व्यावस्थापनको लागि कोइरालपाटाबाट कार्यलय सम्म ल्याउनको लागि पाइप तथा अन्य व्यावस्थापनको लागि आवश्यक रकम उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं १३

प्रस्ताव नं १३ माथि छलफल गर्दा गाउँपालिकाको सबै वडाकार्यलयबाट सञ्चालनमा रहेका सबै आयोजनाको अवस्थाको वारेमा जानकारी प्राप्त गरी सम्पन्न नभएका योजनाहरु तत्काल सञ्चालनमा ल्याउने र सम्पन्न गर्ने निर्णय गरियो ।

निर्णय नं १४

प्रस्ताव नं १४ माथि छलफल गर्दा कालिगण्डकी गाउँपालिकाका सबै जनप्रतिनिधीहरु , सरकारी कर्मचारीहरु , शिक्षक/शिक्षिकाहरु तथा विद्यालय व्यावस्थापन समितिका पदाधिकारीहरुका छोरा छोरी तथा निजहरुको संरक्षणमा अध्यान गराउने जुनसुकै वालवालिकाहरु अनिवार्य रुपमा आगामि शैक्षिकसत्र २०७५ देखी अनिवार्य सरकारी विद्यालयमा पढाउनु पर्ने निर्णय गरियो साथै सो व्यावस्थालाई कडाईका साथ लागु गराउन सबै सरोकारवालालाई आव्हान गर्ने निर्णय गरियो ।

गाउ कार्यपालिका बैठक

बैठक नं १८

आज मिति २०७५ साल वैशाख २१ गते शुक्रवारका दिन यस कालीगण्डकी गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री खिम बहादुर थापाको अध्यक्षतामा बसी निम्न बमोजिमको उपस्थितीमा तपशिल बमोजिमका प्रस्तावहरु माथि छलफल गरि निर्णयहरु गरियो ।

उपस्थिती :

| | | |
|---|---|---|
| श्री खिम बहादुर थापा | अध्यक्ष | |
| श्री साबित्रा कोईराला | उपाध्यक्ष | |
| श्री गणेश प्रसाद खनाल | प्रमुख प्रशासकिय अधिकृत | |
| श्री सोभिलाल चौतारे | वडाध्यक्ष वडा नं. १ | |
| श्री नर बहादुर राना | वडाध्यक्ष वडा नं. २ | |
| श्री राम बहादुर आले | वडाध्यक्ष वडा नं. ३ | |
| श्री चक्रपाणी पाण्डे | वडाध्यक्ष वडा नं. ४ | |
| श्री लोकेदार थापा | वडाध्यक्ष वडा नं. ५ | |
| श्री लिला बल्लभ अधिकारी | वडाध्यक्ष वडा नं. ६ | |
| श्री मुक्ति प्रसाद भट्टराई | वडाध्यक्ष वडा नं. ७ | |
| श्री मन्धरा पाण्डे | कार्यपालिका सदस्य | |
| श्री कोमाया सोमै | कार्यपालिका सदस्य | |
| श्री टीकिसरा भट्टराई | कार्यपालिका सदस्य | टिकासरा |
| श्री टिकाकुमारी विश्वकर्मा | कार्यपालिका सदस्य | |
| श्री शोभाखर दर्जी | कार्यपालिका सदस्य | |
| श्री थानेश्वर बि.क. | कार्यपालिका सदस्य | |

आमन्त्रित :

| | | |
|---|---|---|
| हिरामणी पाण्डे | प्रशासन शाखा प्रमुख | |
| पदम प्रसाद पाण्डे | स्वास्थ शाखा प्रमुख | |
| प्रकास खनाल | स.ले.प | |

प्रस्तावना :

१. दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम सम्वन्धमा ।

२.गाउँ शिक्षा समितिको पुर्णता सम्वन्धमा ।

३. लक्षित वर्गमा विनियोजित वजेट सम्वन्धमा ।

४. दोस्रो गाउँसभाद्धारा विनियोजित कृषि तर्फको बजेट सम्वन्धमा ।

५. खोप केन्द्रको भवन निर्माण सम्वन्धमा ।

६. जनता आधारभुत विद्यालयको खेल मैदान निर्माणको योजनालाई कक्षा कोठा मर्मत गराउने सम्वन्धमा ।

७. नमूना वस्ती विकासको क्षेत्र सम्वन्धमा ।

८. जिल्ला समन्वय समितिको वैठक यस गाउँपालिकामा बस्ने सम्वन्धमा ।

९. करार कार्यालय सहयोगी कर्मचारीको तलव भत्ता सम्वन्धमा ।

१०.स्थानिय तह दररेट शिफासि समिती सम्बधमा

निर्णय नं १ :

प्रस्तान नं १ माथि छलफल गर्दा हालसम्म वडा कार्यलयवाट भएका योजनाको वारेमा व्यापक छलफल गरी वाकी योजनाहरुलाई तत्काल सम्पन्न गर्नको सबै क्षेत्रवाट तदारुकता साथ लाग्ने निर्णय गरियो ।

निर्णय नं २ :

प्रस्तान नं २ माथि छलफल गर्दा गाउँ शिक्षा समितिका पदाधिकारीको रिक्त स्थानमा गाउँपालिकाको तर्फवाट मनोनयन गर्नु पर्ने तपसिल बमोजिमको पदमा तपशिलका बमोजिमका व्यक्तिहरुलाई समितिको सदस्यमा मनोनयन गर्ने निर्णय गरियो ।

क) गाउँ कार्यपालिकाका महिला वा दलित समेत २ जना सदस्यमा देहाय बमोजिम मनोनयन गर्ने निर्णय गरियो ।

क) टिकिसरा भट्टराई

ख) शोभाखर दर्जी

ख) समाजसेवी , शिक्षा प्रेमी , वा चन्दादाताहरु मध्येवाट गाउँकार्यपालिकाबाट मनोनित कम्तीमा एकजना महिला र दलित सहित तिन जना सदस्यमा देहाय बमोजिम मनोनयन निर्णय गरियो ।

क) पितम्वर भट्टराई

ख) कुन्ती सिंह राना

निर्णय नं ३ :

प्रस्तान नं ३ माथि छलफल गर्दा लक्षित समूहको कार्यक्रमको लागि विनियोजित वजेटवाट तपशिल बमोजिमका समुहको लागि पञ्चेवाजा खरिद तथा ड्रेस व्यावस्थापनको लागि देहाय बमोजिमको वजेट व्यावस्थापन गर्ने निर्णय गरियो ।

क) वडा नं ४ दलित समुदायको लागि रु १०००००।

ख) दलित समुदाय विकास समिति कालिगण्डकी २ : रु १०००००।

ग) वडा नं ५ को मैदानका दलित समूदायको लागि कर्नाल खरिद गर्न रु १२०००। विनियोजन गर्ने निर्णय गरियो ।

घ) मगर पञ्चेवाजा समुह को लागि ड्रेस खरिद , वडा नं १ रु ४५०००।

निर्णय नं ४:

प्रस्तान नं ४ माथि छलफल गर्दा दोस्रो गाउँसभा द्वारा विनियोजित कृषि तर्फको रु १५०००००। वजेट मध्येवाट तपशिल बमोजिम विनियोजन गर्ने निर्णय गरियो ।

क) गाउँपालिकाको सबै क्षेत्रमा २०००० कागतीको विरुवा वितरण गर्नको लागि रु ७५००००। रकम विनियोजन गर्ने निर्णय गरियो ।

ख )गाउँपालिकाको विभिन्न क्षेत्रमा विउविजन वितरणको लागि रु २०५०००। विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं ५:

प्रस्तान नं ५ माथि छलफल गर्दा गाउँ सभाको स्वास्थ क्षेत्रको शर्सत तर्फको विनियोजित वजेटवाट खोप केन्द्रको भवन निर्माण गर्नको लागि रु ३०००००। विनियोजित वजेटवाट वडा नं ६ को दव्छेमा खोप केन्द्र भवन निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं ६ :

प्रस्तान नं ६ माथि छलफल गर्दा गाउँसभा द्वारा विनियोजित जनता आधारभुत विद्यालयको लागि विनियोजित तारवार घेरावारको लागि विनियोजित वजेटलाई गाउँपालिकाले हलको रुपमा प्रयोग गर्न त्यस विद्यालयको कोठा प्रयोग गरिएकोले हालको लागि कक्षाकोठा मर्मत गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं ७ :

प्रस्तान नं ७ माथि छलफल गर्दा गाउँसभाद्धारा विनियोजित नमुना वस्ती विकास अर्न्तगतको वजेट यस गाउँपालिकाको वडा नं ७ को मिर्मिमा गराउने गरी सर्वेक्षण कार्य गर्ने निर्णय गरियो ।

निर्णय नं ८:

प्रस्तान नं ८ माथि छलफल गर्दा जिल्ला समन्वय समितिको सबै स्थानिय तहको प्रमुख , उप प्रमुख र प्रशासकिय अधिकृत सहितको वैठक वडा नं ७ मा रहेको ड्याम

ाइडमा गर्ने गरि गरेको निर्णयानुसार यस गाउँपालिकाले व्यावस्थापकिय खर्च व्यहोर्ने गरी निर्णय गरियो ।

निर्णय नं ९ :

यस गाउँपालिकाले करार सेवामा नियुक्ती गरिएका कार्यालय सहयोगीहरुको लागि हाललाई मासिक रु १२०००। प्रदान गर्ने गरी निर्णय गरियो ।

निर्णय नं १० :

यस गाँउपालिकाको विभिन्न निर्माण दररेट सिफारिस गर्नको लागी तपशिल बमोजिमको तिन सदस्य दर रेट सिफारिस समिती गठन गर्ने निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| १) चक्रपाणी पाण्डेय | संयोजक |
| २) शोभिलाल चौतारे | सदस्य |
| ३) मुक्ति भट्टराई | सदस्य |

गाउ कार्यपालिका बैठक

बैठक नं १७

आज मिति २०७५ साल जेठ ४ गते शुक्रवारका दिन यस कालीगण्डकी गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री खिम बहादुर थापाको अध्यक्षतामा बसी निम्न बमोजिमको उपस्थितीमा तपशिल बमोजिमका प्रस्ताबहरु माथि छलफल गरि निर्णयहरु गरियो ।

उपस्थिती :

| | |
|---|---|
| श्री खिम बहादुर थापा | अध्यक्ष |
| श्री साबित्रा कोईराला | उपाध्यक्ष |
| श्री गणेश प्रसाद खनाल | प्रमुख प्रशासकिय अधिकृत |
| श्री सोभिलाल चौतारे | वडाध्यक्ष वडा नं. १ |
| श्री नर बहादुर राना | वडाध्यक्ष वडा नं. २ |
| श्री राम बहादुर आले | वडाध्यक्ष वडा नं. ३ |
| श्री चक्रपाणी पाण्डे | वडाध्यक्ष वडा नं. ४ |
| श्री लोकेदार थापा | वडाध्यक्ष वडा नं. ५ |
| श्री लिला बल्लभ अधिकारी | वडाध्यक्ष वडा नं. ६ |
| श्री मुक्ति प्रसाद भट्टराई | वडाध्यक्ष वडा नं. ७ |
| श्री मन्धरा पाण्डे | कार्यपालिका सदस्य |
| श्री कोमाया सोमै | कार्यपालिका सदस्य |
| श्री टीकिसरा भट्टराई | कार्यपालिका सदस्य |
| श्री टिकाकुमारी विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री शोभाखर दर्जी | कार्यपालिका सदस्य |
| श्री थानेश्वर बि.क. | कार्यपालिका सदस्य |

आमन्त्रित :

प्रकाश खनाल

श्री सुस्मिता पाण्डेय

प्र.लै.पा. [signature]

कार्यलय सहयोगी

प्रस्तावना :

१. ढुङ्गा , गिटी , वालुवाको कार्यसुची सम्वन्धमा ।

२. आर्थिक सहायताको कार्यविधि सम्वन्धमा ।

३. मोटरसाइकल खरिद सम्वन्धमा ।

४. कम्पुटर खरिद सम्वन्धमा ।

५. फर्निचर खरिद सम्वन्धमा ।

६.विपद व्यावस्थापन तर्फको खरिद सम्वन्धमा ।

७. व्याडमिन्टन कोर्ट निर्माण सम्वन्धमा ।

८. WASS परियोजनाको लागि समपुरक कोषको रकम विनियोजन सम्वन्धमा ।

९. जग्गा प्राप्ती सम्वन्धमा ।

१०. खेलकुद मैदान निर्माण सम्वन्धमा ।

११. भ्यु टाउर निर्माण सम्वन्धमा ।

१२. वर्षाको समयमा ट्याक्टर सञ्चालन सम्वन्धमा ।

१३. मध्यपान , धुम्रपान नियन्त्रण सम्वन्धमा ।

१४. प्राकृतिक प्रकोपको राहत  वितरण सम्वन्धमा

१५.प्युगा खानेपानि आयोजनाको रकम विनियोजन सम्वन्धमा ।

निर्णय नं १ :

प्रस्तान नं १ माथि छलफल गर्दा कालिगण्डकी गाउँपालिका भएर बग्ने कालीगण्डकी र आधिखोलाको बगर क्षेत्रवाट ढुङ्गा , गिटी र वालुवाको दिगो सङ्कलन तथा उत्खनन कार्यका लागि प्रारम्भिक वातावरणीय परिक्षणको कार्यसुची २०७५ पारित गरि जिल्ला समन्वय समितिमा स्वीकृतीको लागि पठाउने निर्णय गरियो ।

कालीगण्डकी गाउँपालिका भएर बग्ने कालीगण्डकी र आँधीखोलाको बगर क्षेत्रबाट ढुंगा, गिट्टी र बालुवाको दिगो सङ्कलन/उत्खनन् कार्यका लागी

## प्रारम्भिक वातावरणीय परिक्षणको

# कार्यसूची

# २०७५

(Terms of Reference for Initial Environmental Examination)

**पेश गरिएको**

जिल्ला समन्वय समितिको कार्यालय

स्याङ्जा बजार, स्याङ्जा

**पेश गर्ने निकाय**

कालीगण्डकी गाउँपालिका

बिर्घा, स्याङ्जा

**जेठ - २०७५**

## १. प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना:

### १.१ प्रस्तावको नाम:

यस प्रस्तावको नाम कालीगण्डकी गाउँपालिका भएर बग्ने कालीगण्डकी र आँधीखोलाको बगर क्षेत्रवाट ढुंगा, गिट्टी, बालुवा संकलन तथा उत्खनन कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन हो भने प्रस्तावक कालीगण्डकी गाउँपालिका रहेको छ ।

### प्रस्तावकको नाम र ठेगाना

प्रस्तावकको नाम : कालीगण्डकी गाउँपालिका

ठेगाना :विर्घा, स्याङ्जा

फोन नं. : ९८५६०००७०

ई मेल :kaligandakiruralmunicipality@gmail.com

### १.२. प्रारम्भिक वातावरणीय परीक्षण तयार पार्ने संस्था

ENGINEERING AND TECHNOLOGY CONSULTANCY(ETC)

Pokhara, Lekhnath Metropolitian – ward 17

## २. प्रस्तावको सामान्य परिचय र सान्दर्भिकता:

### २.१ प्रस्तावको पृष्ठभूमी:

भौगोलिक हिसावले नेपालको भुवनोट करिव ८३% हिमाल र पहाडले ढाकिएको छ । यस पहाडी क्षेत्र ढुङ्गा, गिट्टी तथा वालुवाको लागि उत्पादनको हिसावले अत्यान्त उर्वर क्षेत्र मानिन्छ जुन हिमाल पहाड हुँदै तराई तिर वग्ने विभिन्न खोला नाला, नदीहरुले बगाएर वा ओसारेर नदी किनारहरुमा थुपारेको हुन्छ । यि नदी प्राकृतिक साधन र श्रोतहरुको दिगो उत्खनन र उपयोग गर्न सके स्थानिय मानिसहरुको जिबिकोपार्जनमा टेवा पुर्याउन, आर्थिक बिकासका आयोजनाहरु सम्पन्न गर्न तथा वनजङ्गल जोगाउन समेत सहयोग पुग्छ । मुख्यतया यस्ता ढुङ्गा, गिट्टी तथा वालुवा जन्य उत्पादनहरु निर्माण सामाग्रीको रुपमा प्रयोग गरिन्छ ।

दोस्रो संबिधान सभाबाट जारी ऐतिहासिक संबिधान २०७२ ले राज्यको पुर्नसंरचना गरि मुलुकलाई ७ वटा प्रदेशमा बिभाजन गरे पश्चात प्रदेश नं. ४ को सुदुर पश्चिम स्याङ्जामा अबस्थित यो गाउँपालिका स्थानिय निकाय पुनर्संरचना आयोगले साबिक श्रीकृष्णगण्डकी, बिर्घा, आलमदेबी र चण्डीभञ्ज्याङ गाबिस मिलाएर बनाईएको हो । पुर्ब तर्फ गल्याङ नगरपालिका उत्तर तर्फ गल्याङ नगरपालिका, गुल्मी जिल्लाको कालीगण्डकी तथा सत्यवती गाउँपालिका, पश्चिम तर्फ पाल्पा जिल्लाको तानसेन नगरपालिका र दक्षिणतर्फ बगनासकाली गाउँपालिका, तानसेन नगरपालिका यति चार किल्ला भित्र कालिगण्डकी गाउँपालिका रहेको छ । तीनतिरबाट कालिगण्डकी नदीले परिबेष्ठीत गरेको धार्मिक भुमी शिला शालिग्रामको सामीप्यता, हिले सिद्धबाबाको अर्जुन दृष्टी, रुरु क्षेत्रको निकट यो भुमि आफैमा ऐतिहासिक एवं आध्यात्मीक दृष्टीले अतिनै महत्वपुर्ण छ ।हालसम्मकै निर्माण सम्पन्न ठुलो कालीगण्डकी “ए” जलबिद्युत केन्द्र यस गाउँपालिका भित्र हुनु यस गाउँपालिकाको भबिष्य उज्वलताको संभाबना हो ।

कालीगण्डकी गाउँपालिकाभएर बग्ने कालीगण्डकी र आँधीखोलाको बगर क्षेत्रमा ढुंङ्गा, गिट्टी, बालुवा प्रशस्त मात्रामा रहेको साथै यि बस्तुको संकलन तथा उत्खनन् गरि जिल्ला विकास समितिको अनुमतिमा गा.पा. कार्यालय मार्फत बिक्री वितरण हुँदै आइरहेको छ र राज्य पुर्नसंरचना भइसके पछि उक्त कार्यलाई गाउँपालिकोकार्यक्षेत्र भित्र पर्न आएसँगै यसलाईथप व्यवस्थित गर्न तथा वातावरणमैत्री उत्खनन् गरि दिगो विकासलाई अवलम्वन गर्न सकिन्छ भन्ने मुख्य उद्देश्यका साथ यो प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयार गर्न लागिएको हो । नेपाल सरकारले वातावरण संरक्षण ऐन-२०५३ र वातावरण संरक्षण नियमावली २०५४ (संशोधन सहित) लागू गरेको परिप्रेक्षमा सोही ऐनको दफा ४ मा स्वीकृति लिएरमात्र ढुंगा, बालुवा र ग्रबेल संकलन गर्न पाइने व्यवस्था भएको, साथै स्थानीय स्वायत शासन ऐन २०५५ वमोजिम ढुंगा, गिट्टी, वालुवा संकलन, उत्खनन र निकासीको अनुमती दिनु पूर्व उल्लेखित प्रस्ताव कार्यान्वयन गर्न प्रारम्भिक वातावरण परीक्षण (IEE) प्रतिवेदन तयार गरी स्वीकृती लिनुपर्ने प्रावधान रहेकोले उक्तप्रस्ताव कार्यान्वयन गर्न यो प्रारम्भिक वातावरणीय परीक्षण (IEE)अध्ययन प्रस्तावित गरिएको हो।

### २.२ प्रस्तावको विवरण

#### २.२.१ प्रस्तावको प्रमुख विशेषताहरु

तलिका न. १ प्रस्तावको प्रमुख विशेषताहरु

| | | |
|---|---|---|
| १. | **प्रस्तावको नाम:** कालीगण्डकी गाउँपालिका भएर बग्ने कालीगण्डकी र आँधीखोलाको बगर क्षेत्रबाट ढुङ्गा, गिट्टी, बालुवा संकलन तथा उत्खनन कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन | |
| २. | **प्रस्तावको अवस्थिति (स्थान):** | |
| | प्रदेश | गण्डकी (प्रदेश न.४) |
| | जिल्ला : | स्याङ्जा |
| | गाउँपालिका : | कालीगण्डकी गाउँपालिका |
| ३. | **भौगोलिक/हावापानी प्रकृति एवं विवरण :** | |
| | नदीको नाम र प्रकार | कालीगण्डकी नदी र आँधीखोला |
| | भूवनोट(Terrain) | बाह्रमासे नदी तर बर्षातको समयमा अत्यधिक पानि । |
| | माटो (Soil) | पाखा, पखेरा, भीरालो, खोल्सी, खोचं, बेंसी |
| | हावापानी /जलवायु परिवर्तन | समशितोष्ण देखि शितोष्ण। |
| | भू-उपयोग(Land Use) | खेती योग्य जमीन र थोरै वन जंगल क्षेत्र |
| ४. | **सङ्कलन/उत्खनन् कार्य, स्थल र प्रक्रिया (Collection Sites, Materials and Methods):** | |
| | सङ्कलन/उत्खनन् क्षेत्र | प्रस्तावित क्षेत्रहरु IEE अध्ययन प्रतिवेदनमा समावेश गरिनेछ । |
| | प्रस्तावित क्षेत्रमा जाने पहुँचमार्ग (Access road) | प्रस्तावित क्षेत्र जान पहुँच मार्गको रुपमा विभिन्न सहायक मार्गहरुके प्रयोग गरिने छ। |
| | सङ्कलन/उत्खनन् विधि (Collection/ Extraction Method) | प्राय मानव संशाधन, केही प्राविधिक उपकरण र ढुवानीका साधनहरुको प्रयोग गरी नदीको भेल बाढीले बगाएर ल्याई जम्मा गरेका गिट्टी, बालुवा र मिस्कट संकलन गर्ने । तर आवश्यकताको आधारमा जि. वि. सको बिशेष अनुमतिमा निश्चित समय तोकी भारी उपकरण सचालन कार्यविधि र निर्देशिका बनाई सोही बमोजिम भारी उपकरण प्रयोग गरि संकलन गर्ने । |
| | सङ्कलन/उत्खनन् कार्यमा प्रयोग हुने सामग्री वा मेसिनरी | सामान्यतया हाते औजार र उपकरणहरु प्रयोग गरिनेछन् । तर विशेष परिस्थितिमा कटान नियन्त्रण गर्दा स्काभेटरको पनि प्रयोग गरिनेछ । यसरी स्काभेटरको प्रयोग गर्दा स्काभेटर प्रयोग गर्ने ठाँउ तोकि निर्देशिका बनाई प्रयोग गर्नुपर्ने । |
| | दैनिक/वार्षिक सङ्कलन/उत्खननको परिमाण (Daily/Yearly Collection/ Extraction Volume) | बार्षीक दिगो उत्खनन् मात्राIEE अध्ययन प्रतिवेदनमा समावेश गरिनेछ |
| | सङ्कलन /उत्खनन् गरिने अवधि (Collection/Extraction Period) | असार, साउन र भदौ महिना बाहेक बर्षै भरी । |
| | सङ्कलन/उत्खनन् स्थानको सङ्ख्या (Number of Collection/Extraction Sites) | प्रस्तावित सङ्कलन/उत्खनन् स्थानको सङ्ख्या १० रहनेछ । |

| | | |
|---|---|---|
| | सङ्कलन/उत्खनन् गरिने सामग्रीहरू : (Materials to be Extracted) | नदीको बगर क्षेत्रबाट ढुङ्गा, गिट्टी र बालुवा उत्खनन् गरिने छ। |
| | प्रस्तावअर्न्तगतका कार्यहरू (Proposal Component | प्रस्ताव अर्न्तगतका कार्य सङ्कलन/उत्खनन्/ढुवानी कार्य गरिनेछ। |
| | प्रभावित गा.वि.स./गाउँपालिका/बस्ती आदि (affected Wards/ Settlements) | कालीगण्डकी गाउँपालीका ( सबै वार्डहरु)का बगर छेउका बस्तीहरु |
| ५. | IEE प्रतिवेदनको वैधानिकता (Validity of the IEE Report) | प्रारम्भिक वातावरण परिक्षण प्रतिवेदन स्विकृत भएको मितिले २ वर्ष सम्म वैधानिक रहनेछ। |

**२.२.२ प्रस्ताव क्षेत्रको अवस्थिति**

कालीगण्डकी गाउँपालिकाको कार्यलयले यस गाउँपालीका भएर बग्ने कालीगण्डकी र आँधीखोलाको बगर क्षेत्रमाजम्मा भएर रहेको ढुंङ्गा, गिट्टी, वालुवाको दिगो एवम् वातावरणमैत्री संकलन तथा उत्खनन् कार्य गर्ने उद्देश्य राखेर यो प्रस्ताव अगाडी बडाएको हो। कुनै पनि आयोजना कार्यान्वयन गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन अथवा प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने नेपाल सरकारको वातावरण संरक्षण ऐन २०५३ र वातावरण संरक्षण नियमावली २०५४ ले अनिवार्य गरेको छ। स्थानीय जनताको हितको लागी वातावरण व्यवस्थापन योजना र प्रारम्भिक वातावरणीय परिक्षण गर्ने जिम्मेवार निकाय भएको हुँदा कालीगण्डकी गाउँपालिकाले उक्त आयोजनाको प्रारम्भिक वातावरणीय परिक्षण अध्ययन गर्नु पर्ने आवश्यकता देखिन्छ। सोही सन्दर्भमा कालीगण्डकी र आँधीखोला किनारमा जम्मा भएर रहेको निर्माण सामाग्री जस्तै ढुंगा, गिट्टी, वालुवा र माटोको संकलन तथा उत्खनन गर्दा वातावरण तथा स्थानिय बस्तीहरुमा पर्ने प्रभावहरु र यिनको न्यूनीकरणहरुको उपायहरु सुझाव गर्नको लागी यस प्रारम्भिक वातावरणीय परिक्षणको लागी यस कार्यसुची तयार गरिएको हो।

**२.२.३. प्रस्तावित क्षेत्रमा यातायातको पहुंच**

IEE अध्ययन प्रतिवेदनमा प्रस्ताव गरिने सङ्कलन/उत्खनन् क्षेत्रहरु सडक यातायातको पहुँचमा हुनेछन्।

**२.२.४ प्रस्तावको क्षेत्र निर्धारण**

यस अध्ययन प्रतिवेदनले नदीबाट दिगो रुपमा कति मात्रामा ढुङ्गा, गिट्टी, वालुवा संकलन /उत्खनन् गर्न सकिन्छ भन्ने अंकित गर्नु पनि यसको उदेश्य रहेको थियो। उत्खनन् कार्यलाई बातावरणमैत्री दीगो बनाउनको लागि समष्टिमा तपसिल बमोजिमका नियमहरु पालना गर्नु जरुरी देखिन्छ।

- नदीको हालको उच्चतम बहाव क्षेत्र भित्रको बगरवाट मात्र श्रोत संकलन गर्ने।
- श्रोत संकलन गर्दा विधमान पानीको सतहबाट दुवै तिर कम्तिमा १०/१० मिटरसम्म कुनै पनि श्रोत संकलन नगर्ने
- नदीको धार नै परिवर्तन हुने गरी श्रोत संकलन नगर्ने।
- नदीको पानिको सतहभन्दा गहिरो हुने गरी नदीवगर बाट श्रोत उत्खनन् नगर्ने।
- उत्खनन् बगरक्षेत्रमा नदिले पुरेको निजि जमिन भएमा, निजहरुसग समेत परामर्श गरि मात्र कार्य गर्ने

- नदीको २०० मिटर वगरकिनारभित्रका उच्चतम वहाव क्षेत्र भित्र अग्ला भै डिस्का परेर रहेका क्षेत्रबाट ढुङ्गा, गिट्टी, वालुवा संकलन कार्यमा प्राथमिकता दिने ।

### २.२.५ सङ्कलन/उत्खनन् र ढुवानी (कार्य र विधि)

ढुंगा, गिट्टी, वालुवा लगायत निर्माण सामाग्रीको संकलन/उत्खनन् कार्य तोकिएका नदीमा पानीको बाहाव क्षेत्र भन्दा बाहिर रहेका डिस्काहरु र केही नदी किनारमा जम्मा भएका ठाँउहरुमा हुनेछ । उत्खनन् तथा संकलन कार्यको लागि मानव संशाधनको प्रयोग गरिनेछ । ढुंगा, गिट्टी, वालुवा, मिस्कट संकलन/उत्खनन् कार्यमा हेभी उपकरणको (डोजर, स्काभटर आदि) प्रयोग गर्न पाईने छैन । यदी हेभी उपकरणको (डोजर, स्काभटर आदि) प्रयोग गर्न परेको अवस्थामा गाउँपालीकामा जानकारी गराई बार्षिक उत्खनन् परिमाणमा परिवर्तन नहुने गरि गर्नु पर्नेछ । निर्माण सामाग्रीको ढुवानीको लागि सडक विभागले सडक प्रयोजनको लागि तोकेको क्षमताको टार्यक्टर तथा ट्रकहरु प्रयोग गरिनेछ । सामान्यतया स्थानिय श्रमिकहरु बाट हात र सामान्य कुटो कोदालो, गैति,बेल्चा र हतौडा प्रयोग गरी नदीको वगर क्षेत्रवाट मात्र ढुंङ्गा र ग्रमेल संकलन गरिनेछ र, नदीमै सहजै पुग्ने टेक्टर,टिप्पर ढुवानीको लागी प्रयोग गरिनेछ ।

### २.२.६ कार्यसूचीको उद्देश्य

यस प्रस्तावनाको प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूचिका उद्देश्यहरुनिम्न लिखित रहेका छन् ।

- प्रस्तावनाले पार्ने असरहरुमा अध्ययन गरिनुपर्ने बिषयहरु पत्ता लगाउने
- अध्ययनका लागि कार्य निर्देशन र प्राविधिक guidelines हरु तयार पार्ने
- अध्ययनका लागि गरिनुपर्ने कार्यको कार्यसूचि तयार पार्ने
- अध्ययनका लागि चहिने नीति, नियम र कानुनहरुको छनौट गर्ने
- अध्ययनका लागि समयसूचिको निर्धारण गर्ने
- IEE अध्ययनमको लागी आवश्यक पर्ने विशेषज्ञ , समय तथा रुपरेखा लगायत अनुमानित खर्च तय गर्नु

### २.२.७ प्रारम्भिक वातावरणीय परिक्षणको उदेश्य

प्रारम्भिक वातावरणीय प्ररिक्षणको मुख्य उद्देश्य कालीगण्डकीनदी र आँधीखोलाको बगर क्षेत्रबाट वातावरणमैत्री ढङ्गले ढुंगा, र माटो संकलन तथा उत्खनन कार्य गरि नदीको वनावट यथास्थीतीमा राखी तल्लो तटिय क्षेत्रमा ढुंगा, माटोको थेग्रान वढ्न नदिई नदीको वहाव र धारलाई निरन्तर गतिमा वग्न दिने हो । अन्य उद्देश्यहरु निम्न बमोजिम रहेका छन् :

- प्रस्तावित क्षेत्रको वातावरणको बारेमा आधारभुत तथ्याङ्कहरु उपलब्ध गराउनु ।
- प्रस्तावित क्षेत्रमा ढुङ्गा, गिट्टी तथा बालुवाको संकलन उत्खनन कार्यहरुले गर्दा भौतिक, जैविक, सामाजिक, आर्थिक तथा संस्कृतिक वातावरणमा पर्ने असरहरु पत्ता लगाउनु ।
- वातावरणमा पर्ने नकारात्मक प्रभावको न्यूनिकरणका उपायहरु र सकारात्मक प्रभाव बढाउने उपायहरु बारे व्यवहारिक उपायहरु दिने ।
- वातावरणीय अनुगमन योजना बनाई कार्यान्वयन गर्ने ।
- वातावरणीय प्रभाव मुल्यांकन अध्ययन आवश्यक रहे नरहेको एकिन गर्न ।

- प्रस्तावको विभिन्न पक्षहरुको वैकल्पिक विश्लेषण गर्ने
- वर्षेनी खेर गइरहेको उत्पादित सामाग्री निमार्ण कार्यमा प्रयोग गरी राजस्व परिचालनको संभाव्यता पत्ता लगाउन ।

### २.२८ प्रारम्भिक वातावरणीय परिक्षण अध्ययन गर्नु आवश्यकता

वातावरण संरक्षण नियमावली २०५४ को नियम ३ सँग सम्बन्धित अनुसूचि २ (इ)खानी क्षेत्र अन्तर्गत बुदाँ नं. ज (बैशाख २०, २०७३ को संसोधन सहित)ले खोलाको बगर क्षेत्रबाट ढुङ्गा, गिट्टी, वालुवा तथा रोडाको उत्खनन् र संकलन कार्य गर्दाप्रारम्भिक वातावरणीय परिक्षण गर्नु पर्ने उल्लेख भएको छ ।सोहि सन्दर्भमा प्रस्तावकको तर्फबाट यो प्रतिवेदन तयार गरेको हो ।

तालिका २. प्रारभिक वातावरणिय परिक्षणको सार्न्दभीकता

| विधा | कानुनी प्रवधान | परियोजनाको वास्तविक | सार्न्दभीकता |
|---|---|---|---|
| नदीको बगर क्षेत्रबाट ढुङ्गा, गिट्टी तथा वालुवाको संकलन/उत्खनन् कार्य | नदीको बगर क्षेत्रबाट ढुङ्गा, गिट्टी तथा वालुवाको संकलन/उत्खनन् कार्य | नदीको बगर क्षेत्रबाट ढुङ्गा, गिट्टी तथा वालुवाको संकलन/उत्खनन् कार्य | (IEE)सार्न्दभीक |

## ३ अध्ययनमा अपनाइने विधिहरु

वातावरण संरक्षण ऐन, २०५३ तथा वातावरण संरक्षण नियमावली, २०५४ (संशोधनसहित) मा व्यवस्था भएका प्रक्रियाहरुको अनुसरण गरी प्रस्तावको वातावरणीय अध्ययन गरिनेछ । अध्ययनमा तलका बिधिहरु अपनाइने छन् ।

### ३.१. सम्बन्धित सन्दर्भ सामग्रीहरुको पुनरावलोकन र स्थलगत अध्ययनको तयारी

तालिका ३. अध्ययन विधि

| विधि | विवरण |
|---|---|
| द्वितीय स्रोतको संकलन तथा पुनरावलोकन | प्रतिवेदन तयार गर्न चाहिने प्रथम तथा दोस्रो कमको तथ्याङ्क क्रमश: स्थलगतको अध्ययन र सन्दर्भ समाग्रीहरुको पुनरावलोकनबाट प्राप्त गरिनेछ । प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार पार्दा प्रमुख रुपमा नेपाल सरकारको नीति, ऐन, नियम तथा निर्देशिकाहँरुलाई र जिल्ला विकास समितिको कार्यालयबाट संकलन गरिएका सान्दर्भिक सहयोग सामग्रीहरुलाई ध्यान दिई बिभिन्न दस्तावेजहरुको पुनरावलोकन गरि गरिनेछ । मौसम र बर्षा सम्बन्धि तथ्याकंहरु द्वितिय स्रोतबाट संकलन गरिनेछन । |
| नक्साहरुको अध्ययन र टोपो नक्सामा भौगोलिक अवस्थितिको विवरण | प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको भौगोलिक अवस्था, अवस्थितिका साथै वन तथा वातावरणको जानकारि हासिल गर्नका लागि जिल्ला समन्वय समितिबाट जिल्लाको नक्साको आधारमा अध्ययन गरी नदी र त्यहाँसम्म पुग्ने बाटाहरुको पहिचान गर्ने र त्यस नदीमा रहेका घाटहरु तथा नजिकका संवेदनशिल क्षेत्र पत्ता लगाउने तथा उक्त कार्यबाट प्रभाव पर्न सक्ने क्षेत्रको जानकारी नक्साबाट लिइनेछ । |
| प्रस्ताव सम्बन्धित चेकलिष्ट र प्रश्नावली को तयारी | यस चरणमा अध्ययनमा उपलब्ध सन्दर्भ सामग्रीहरुको पुनराबलोकन, नक्साहरुको अध्ययन र व्याख्या विश्लेषण तथा प्रश्नावली एवं चेकलिष्टहरुको तयारी र ती सामग्रीहरुको अन्तिम रुप दिने कार्य गरिनेछ । सूचनाहरुको पुष्ट्याई लिन र थप जानकारी हासिल गर्नका लागि कार्यसूचि तथा वातावरण संरक्षण नियमावली २०५४, गाउँपालिकाको अधिकार, आगामी योजना, रणनीति तथा |

| | |
|---|---|
| | अन्य प्रावधानको जानकारिका लागि स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली, २०५६ मा उल्लेख भएका सम्पूर्ण बुदाहरु समाविष्ट हुने गरी आवश्यकतानुसार चेकलिष्ट र प्रश्नावलीहरु विकास गरिनेछ । |

## ३.२. प्रस्तावको क्षेत्र निर्धारण

प्रस्तावको प्रभावित क्षेत्रको बर्गीकरण गर्न उच्च जोखिम क्षेत्र वा प्रत्यक्ष प्रभावित क्षेत्र खासगरी स्टक पाइलिको क्षेत्र, पहुँच सडकको व्यवस्था, कामदारको आवतजावत, उत्खनन् र संकलनको क्षेत्रलाइ ध्यानमा राखी निर्धारण गरिनेछ । जसमा नदी किनाराबाट दुबैतिर २०० मिटर सम्मको क्षेत्रलाइ तथा आवश्यक क्षेत्रलाइ लिइनेछ । निम्न जोखिम क्षेत्र वा अप्रत्यक्ष प्रस्तावित क्षेत्रलाइ उत्खनन् र संकलनको सामाजिक सम्वन्धको दृष्टिलाई ध्यानमा राखेर लिइनेछ ।

## ३.३. आवश्यक जानकारी तथा तथ्यांकको संकलन तथा बर्तमान अवस्थितिको बिष्लेशण

प्रस्तावका क्षेत्र निर्धारण गरिसकेपछि परामर्शदाताका बिज्ञहरुको टोलीले प्रस्ताव क्षेत्रमा निरीक्षण र अध्ययन गरी आधारभूत तथ्यांकहरु संकलन गर्नेछन ।

### ३.३.१. स्थलगत गरिने अध्ययन

प्रस्ताव कार्यान्वयन हुने क्षेत्रहरुमा स्थलगत भ्रमण गरी जैबिक, भौतिक, आर्थिक, सामाजिक र सांस्कृतिक वातावरण र प्रस्ताव कार्यान्वयनबाट आउन सक्ने असरहरु सम्वन्धि आवश्यक जानकारी चेकलिष्ट, प्रश्नावली, प्रमुख सूचनादाता अन्तर्वार्ता, लक्षित समूह छलफलबाट लिइनेछ र सोही बमोजिम प्रस्ताव क्षेत्रको पुनरावलोकन, अध्ययन र तथ्यांक समेत संकलन पनि गरिनेछ ।

**क) जैविक वातावरण सम्बन्धि तथ्यांक संकलन कार्य**

तालिका ४ : जैविक वातावरण सम्वन्धि तथ्यांक संकलन बिधि

| विषय | विवरण |
|---|---|
| वनस्पति सम्बन्धि तथ्यांक संकलन | प्रस्ताव क्षेत्रको वन र वनस्पतिहरुको अध्ययन, वाक ओभर सर्भे, अवलोकन र प्रश्नावली सर्वेक्षणद्वारा गरिनेछ । प्रमुख सूचनादाता अन्तर्वार्ताद्वारा प्रस्ताव क्षेत्रमा प्रस्तावको कार्यान्वयनबाट हुनसक्ने असरहरु र आवश्यक न्युनीकरणका उपायहरुकोबारे जानकारी दिइनेछ भने चेकलिस्ट र प्रश्नावलीद्वारा जैविक वातावरणको विस्तृत जानकारी दिइनेछ । स्थानीय बासिन्दाहरुसित पनि प्रस्तावले बनस्पतीमा पर्नसक्ने असरहरु र बनस्पतिको उपयोग र उपलब्धता सम्बन्धि छलफल गरिनेछ । |
| वन्यजन्तु सम्बन्धि तथ्यांक संकलन | प्रस्ताव क्षेत्रको वन्यजन्तुहरुको अध्ययन वन्यजन्तुको पगमार्क अबलोकन र नजीकका खुला जगंलमा ट्रयाकिङ तथा प्रस्नावली सर्वेक्षणद्वारा गरिनेछ । प्रमुख सूचनादाता अन्तर्वार्ताद्वारा प्रस्ताव क्षेत्रमा प्रस्तावको कार्यान्वयनबाट वन्यजन्तुहरुमा पर्न सक्ने असरहरु र आवश्यक न्युनीकरणका उपायहरुको बारे जानकारी लिइनेछ भने चेकलिस्ट र प्रस्नावली द्वारा जैविक वातावरणको विस्तृत जानकारी लिइनेछ । स्थानीय बासिन्दाहरुसित पनि प्रस्तावले वन्यजन्तुमा पर्न सक्ने असरहरु र वनस्पतिको उपयोग र उपलब्धता सम्वन्धि छलफल गरिनेछ । |
| जलचर सम्बन्धि | प्रस्ताव क्षेत्रको जलचरहरुको अध्ययन अवलोकन र प्रस्नावली सर्वेक्षण द्वारा गरिनेछ । प्रमुख सूचनादाता अन्तर्वार्ता द्वारा प्रस्ताव क्षेत्रमा प्रस्तावको कार्यान्वयनबाट जलचरहरुमा पर्न सक्ने असरहरु र आवस्यक |

| विषय | विवरण |
|---|---|
| तथ्यांक संकलन | न्युनीकरणका उपायहरुको बारे जानकारी लिइनेछ भने चेकलिस्ट र प्रस्नावली द्वारा जलचर उपलब्धता क्षेत्रको बिस्तृत जानकारी लिइनेछ । स्थानीय बासिन्दाहरुसित पनि प्रस्तावले जलचरहरुको पर्न सक्ने असरहरु, माछाहरुको अवस्था सम्बन्धि छलफल गरिनेछ । |
| बनस्पतिहरुको अवस्थिति र बृक्षारोपणको अवस्था | प्रस्ताव क्षेत्रको नदी किनाराहरु भ्रमण गरी तटबन्ध र बृक्षारोपणको अवस्था अध्ययन अवलोकन गरिनेछ । प्रमुख सूचनादाता अन्तर्वार्ताद्वारा तथा तिनकै सहभागीतामा स्थलगत भ्रमण गरी आवस्यक परामर्श दिइ, प्रस्ताव क्षेत्रमा प्रस्तावको कार्यान्वयनबाट नदीको किनारामा तथा बस्तीमा परीरहेको र पर्नसक्ने असरहरु र आवस्यक न्युनीकरणका उपायहरुको बारे जानकारी लिइनेछ भने भ्रमण गरी तटबन्ध र बृक्षारोपणको आवस्यकताको पहिचान गरी आवस्यक ठाउहरु छुट्ट्याइनेछ । |

(ख) **भौतिक बातावरण सम्बन्धि तथ्यांक संकलन कार्य**

यो प्रस्ताव कार्यान्वयन हुने क्षेत्रहरुमध्ये मुख्य नदीहरुको नमूना क्षेत्रहरुको छनौट गरी ती स्थानहरुको सर्भेक्षण गरिनेछ । यसरी अध्ययन गर्न भ्रमण गर्ने काममा स्थानीय जनताहरुसंग त्यस क्षेत्रको माटो, बालुवा, चट्टान, जलाधार क्षेत्र, भू–क्षय हुने क्षेत्र, खोलानालामा पानीको अवस्था र प्रस्ताव कार्यान्वयनबाट प्रत्यक्ष पर्नसक्ने भौतिक असरहरुका बारेमा समूहगत रुपमा छलफल गरी प्रस्ताव कार्यान्वयन गर्दा पर्न सक्ने प्रभाव आदि बारेमा जानकारी संकलन गर्ने कार्य गरिनेछ ।

तालीका ५ : भौतिक वातावरण सम्वनधी तथ्यांक संकलन विधि

| विषय | विवरण |
|---|---|
| भौगर्भिक अध्ययन | यो प्रस्ताव कार्यान्वयन हुने क्षेत्रहरुमध्ये मुख्य नदीहरुको क्षेत्रहरुको नक्सा अध्ययन, गुगल अर्थ तस्वीरहरुको अध्ययन, भौगर्भिक नक्साहरुको अध्ययन गरी उक्त स्थानहरुको सर्भेक्षण गरिनेछ । यसरी अध्ययन गर्न भ्रमण गर्ने काममा स्थानीय जनताहरुसंग त्यस क्षेत्रको माटो, बालुवा, चट्टानको उपलब्धता बारे अध्ययन गरी स्थलगत जानकारी लिइनेछ । त्यसैगरी भू–क्षय हुन सक्ने क्षेत्र, रोडको भौगोलिक अवस्था र संभावित असरहरुबारे स्थानीय जनताहरुसंग छलफल तथा स्थलगत अध्ययन गरिनेछ । |
| हाइड्रोलोजिकल अध्ययन | जलाधार क्षेत्र, खोलानालामा पानीको अवस्था र जलको बहाव, नदीको धार परिवर्तन, प्रस्ताव कार्यान्वयनबाट नदीको धार व्यवस्थापनको संभाव्यता र प्रस्तावित उत्खननले भौतिक वातावारणमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा पर्न सक्ने असरहरुका बारेमा समूहगत रुपमा छलफल गरी प्रस्ताव कार्यान्वयन गर्दा पर्न सक्ने प्रभाव आदि बारेमा जानकारी संकलन गरिनेछ । |
| मौसम र हावापानी सम्बन्धि अध्ययन | मौसम र हावापानी सम्बन्धि अध्ययन द्वितीय स्रोतहरुबाट गरिनेछ । |

तालीका ६ : पानी, हावा, ध्वनिको गुणस्तर तथा ठोस फोहरमैलाको मापन

| मापन | बर्णन |
|---|---|
| पानीको गुण मापन | कनै महत्वपर्ण फोहोर फालेको पाइए पानीको गुण मापन गरिनेछ नत्र inspection मात्र |

| मापन | बर्णन |
|---|---|
| | पनि गरिनेछ । |
| स्याम्पलिङ तरीका | स्याम्पलिङको लागि प्रस्तावित उत्खनन् क्षेत्रको पानि प्लास्टिकको बोतलमा संकलन गरी मापन गरिने छ । |
| फोहोरमैला मापन | फोहोरमैला मापनको लागि स्तर हेरीनेछ तथा मात्रा अनुमान गरीने छ । |
| स्याम्पलिङक्षेत्र | प्रस्तावित उत्खनन् क्षेत्रमा, चालु उत्खनन् क्षेत्र र पहुँच सडकमा गरिनेछ । |
| हावाको गुणस्तर मापन | हावाको गुणस्तरको मान द्वितिय स्रोतबाट लिइनेछ । |
| ध्वनिको मापन | साउन्ड लेभल मिटरको SL-2001 को प्रयोग गरी गरिनेछ । |
| स्याम्पलिङक्षेत्र | प्रस्तावित उत्खनन् क्षेत्र, चालु उत्खनन् क्षेत्र र पंहुच सडकमा गरिनेछ । |
| स्याम्पलिङको तरीका | साउन्ड लेभल मिटरको क्यालिब्रेसन गरी ध्वनिको मापन गरिनेछ । |

**(ग) सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण सम्बन्धि तथ्यांक संकलन कार्य**

यसको लागि खासगरी स्थलगतरुपमा प्रस्ताव कार्यान्वयन क्षेत्र वरिपरिको केही घरहरुको घरधूरी सर्भेक्षण र ग्रामीण लेखाजोखा विधिको प्रयोग गरी आर्थिक, सामाजिक तथा सांस्कृतिक वातावरण सम्बन्धि विवरण लिइनेछ प्रस्ताव क्षेत्रको सामाजिक अध्ययनका लागि स्थलगत अवलोकन र चेकलिस्ट र प्रश्नावली सर्वेक्षणद्वारा गरिनेछ । विस्तृत जानकारीका लागि जिल्लास्थित कार्यालयहरु, गाउँ विकास समिति, सामुदायिक समूहहरुसित अर्न्तकया गरिनेछ । तलको स्याम्पलि विधिको प्रयोग गरिनेछ ।

तालीका७. स्याम्पलिङमेथड

| स्याम्पलिङमेथड | विवरण |
|---|---|
| जजमेन्ट स्याम्पलिङविधि | क्षेत्र निर्धारणका लागि जजमेन्ट स्याम्पलिङमेथडको प्रयोग गरिनेछ । |
| रयान्डम स्याम्पलिङविधि | सामाजिक सर्वेक्षणका लागि जजमेन्ट स्याम्पलिङमेथडको प्रयोग गरिनेछ। |

प्रमुख सूचनादाता अन्तर्वार्ताद्वारा प्रस्ताव क्षेत्रमा प्रस्तावको कार्यान्वयनबाट जलचरहरुमा पर्न सक्ने असरहरु र आवश्यक न्युनीकरणका उपायहरुबारे जानकारी लिइनेछ भने चेकलिस्ट र प्रश्नावलीद्वारा जलचर उपलब्धता क्षेत्रको विस्तृत जानकारी लिइनेछ । स्थानीय बासिन्दाहरुसित पनि प्रस्तावले जलचरहरुको पर्नसक्ने असरहरु, माछाहरुको अवस्था सम्बन्धि छलफल गरिनेछ । सामाजिक र सांस्कृतिक वातावरण सम्बन्धि तथ्यांक संकलनमा तलका बिधि अपनाइनेछन ।

- सूचनादाता सितको अर्न्तवार्ता
- श्रमिकहरुसितको अन्तर्वार्ता
- घरधूरी सर्वेक्षण
- लक्षित समूह सितको छलफल

(घ) श्रोत सर्भेक्षण र पुरानो उत्खनन् शैलीको अध्ययन

श्रोत सर्भेक्षण कार्य यस प्रस्तावको कार्यान्वयन क्षेत्रमा लागि प्रत्यक्ष भेटघाट गरी छलफल गर्नुका साथै श्रोतसंग सम्बन्धित प्रकाशित वा अप्रकाशित सन्दर्भ सामग्रीको अध्ययन समेत गरिनेछ । श्रोत सर्भेक्षण देहायको विधि प्रयोग गरी गरिनेछ :

१. प्रस्तावित प्रस्ताव कार्यान्वयन क्षेत्रको टोपो नक्सा उतार गरिनेछ र उक्त नक्सामा श्रोतको संकलन गर्न सकिने क्षेत्रहरु उल्लेख गरिनेछ ।

२. प्रत्येक नदीको उत्खनन्/संकलन गर्ने क्षेत्रको क्षेत्रफल निकाल्नको लागि लम्बाइ र औषत चौडाइ निकालीनेछ र श्रमिकहरुको जानकारीबाट र प्रत्येक ठाँउ बिस्तृत रुपमा लम्बाइ, चौडाइ र उचाइको आकलन गरी उत्खनन् गर्न मिल्ने र नमिल्ने ठांउ अध्ययन गरिनेछ । यसरी गर्दा श्रमिकहरुले उत्खनन् को लागि खनी नपुरेका खाल्डाहरु भए अथवा section खनी तिनको Sectional profile को अध्ययन गरी composition र संचितिबारे बिस्तृत जानकारी लिइनेछ । तलको सूत्रको प्रयोग गरी जम्मा भएको पदार्थ र उत्खनन् गर्न मिल्ने पदार्थको मात्रा तय गरिनेछ ।

$Q = L \times W \times D$

जहाँ L = उत्खनन् क्षेत्रको लम्बाइ , Length of the extraction site (m)

W = उत्खनन् क्षेत्रको चौडाइ, Effective averjge width of the extraction site used for extraction (m)

D = उत्खनन् क्षेत्रको उचाइ,Replenishable depth of the sediment deposition (m)

Q = पदार्थ संचितिको मात्रा, Quantity of Sediment deposit ($m^3$)

बिडिड एमाउन्टको बिधिबाट पनि उत्खननको अध्ययन गरिने छ ।

उत्खनन् क्षेत्रको उचाइको अनुमान गर्न बिभिन्न ठाउँमा flood pain र sediment level को मात्राको पनि अनुमान गरिनेछ भने त्यसैगरी जि.पि.एस. द्वारा सर्भे गरी बिभिन्न क्षेत्रको अध्ययन गरी सो अनुसार गुगल नक्सामा चित्र कोरिनेछ जसमा जम्मा उत्खनन् गर्न सकिने क्षेत्र, परिणाम र जम्मा रहेको पदार्थको अनुमान गरिनेछ ।

## ३.४. अध्ययन पश्चात् छलफल र अन्तर्क्रिया

प्रस्ताव क्षेत्रको समग्र अवस्थाको अध्ययन पश्चात् प्रस्ताव कार्यान्वयनले पर्न सक्ने सकारात्मक र नकारात्मक असरहरु र तिनका न्युनीकरणका उपायहरु सम्बन्धि मुद्दा कार्यन्वयन गर्न सकिने, नसकिो बिषय उपर जिल्ला बिकास समितिमा सम्बन्धित कर्मचारीहरुसंग बसी छलफल गरिनेछ ।

## ३.५. तथ्यांकहरुको विश्लेषण

प्रस्तावित क्षेत्रको विशेष अध्ययन गर्दा गरिएको विश्लेषणबाट आएका प्रथम र दोस्रो क्रममा भएका तथ्यांक तथा जानकारीलाई संक्षिप्तिकरण गरी आवश्यकता अनुसार तालीकामा राख्ने तथा प्रतिवेदनको उपयुक्त भागमा समावेश गरी त्यसको समेत गणना गरिखराष्ट्रीय, अर्न्तराष्ट्रीय मापदण्ड र अन्य अध्ययन सितको तुलना गर्दै प्रतिशतको अनुमान र औषत मान र साथै बिज्ञहरुको सम्भावको आधारमा बिष्लेशण गरिनेछ ।

## ३.६. तथ्यांकहरुको interpretation, प्रभावहरुको पहिचान तथा असरहरुको मुल्याकंन

पहिचान गरिएका संभाव्य अनुकूल र प्रतिकूल असरहरुको स्थानीय वातावरणमा भविष्यमा हुनसक्ने परिवर्तनहरुको अनुमान निम्नविधि अपनाइ गरिनेछ ।

राष्ट्रिय वातावरणीय प्रभाव मूल्यांकन निर्देशिका २०५० बमोजिम प्रभावलाई प्रकृति (Nature),मात्रा (Magnitude), सिमा (Extent), र समयावधी (Duration) मा बर्गीकरण गरिए बमोजिम प्रकृतिलाई प्रत्यक्ष (Direct) र अप्रत्यक्ष (Indirect) मात्रालाई उच्च, मध्यम र निम्न सीमालाई स्थानीय, स्थान विशेष र क्षेत्रीय र अवधिलाई दीर्घकालीन, मध्यम र अल्पकालीन गरी ३ भागमा विभाजन गरी विश्लेषण गरिनेछ । यसमा गरिने मापन तल दिइएको छ ।

तालिका ८. तथ्यांक मापनको तरीका

| मान | मापन | फैलावट | मापन | अवधि | स्कोर |
|---|---|---|---|---|---|
| उच्च | ६० | क्षेत्रीय | ६० | लामोसमय | २० |
| मध्यम | २० | स्थानिय | २० | मध्यम समय | १० |
| निम्न | १० | क्षेत्रबिषेश | १० | छोटो समय | ०५ |

स्रोत. राष्ट्रिय वातावरणीय प्रभाव मूल्यांकन निर्देशिका, २०५०

महत्वका असरहरु (Significant impact) हरुको निक्यौल गर्न तल दिइएका cumulative scores को प्रयोग गरिएको थियो ।

तालिका ९. औचित्यता मापनको तरीका

| जम्मा स्कोरको मापन | औचित्यता |
|---|---|
| ७५ भन्दा माथि | धेरै औचित्यवान् अथवा धेरै महत्वपूर्ण |
| ४५ देखि ७४ सम्म | औचित्यवान् अथवा महत्वपूर्ण |
| ४५ भन्दा तल | औचित्यहीन अथवा महत्वहिन |

स्रोत.राष्ट्रिय वातावरणीय प्रभाव मूल्यांकन निर्देशिका, २०५०

प्रस्तावले पर्ने असरहरुका लागि मान, फैलावट र अवधि छुटट्याउन तलका बिधिहरुको प्रयोग गरिनेछ ।

मान : यो scale or severity of change को आधारमा मध्यम, उच्च र निम्न हुनसक्छ ।

**भौगोलिक मापन:** यदि कार्यको असर प्रस्ताव क्षेत्रमै छ भने यसलाइ क्षेत्रबिशेष नाम दिइन्छ, यदिकार्यको असर प्रस्ताव क्षेत्रको नजिकै सम्म, स्थानीय रुपमा सिमित भए स्थानीय र क्षेत्रगत रुपमै असर पर्ने भए क्षेत्रीय नाम दिइन्छ ।

अवधि : यसको मापन निम्न स्तर (३ वर्षभन्दा कम), मध्य स्तर (३ देखी २० बर्ष) र मध्य स्तर (२० बर्षदेखि माथी) को आधारमा हुन्छ ।

## ३.७. प्रभाव न्यूनीकरण विधिहरुको पहिचान र डिजाइनेसन

प्रस्ताव कार्यान्वयन क्षेत्रवाट ढुङ्गा, बालुवा र गिट्टी उत्खनन् तथा संकलन गर्दा उपरोक्त क्षेत्रहरुमा पर्ने प्रतिकूल प्रभावहरुको रोकथाम तथा न्यूनीकरणका उपयुक्त उपायहरुको विवरण तयार गरि मेट्रीक्समा राखिनेछ । साथै उक्त उपायहरुको कार्यान्वयनको प्रभावकारीता सुनिश्चित गर्नका लागि वातावरणीय व्यवस्थापन योजना र सरल वातावरणीय अनुगमन योजना तयार परिनेछ ।

## ३.८. मस्यौदा प्रतिवेदन तयारी

वातावरण संरक्षण नियमावलीको अनुसूची ५ को नियम ७ बमोजिम प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनको खाका र श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय वातावरण व्यवस्था शाखाले तयार पारेको विस्तृत प्रतिवेदनको खाका र स्विकृत गरिएको कार्यसुची अनुरुप स्थलगत सर्वेक्षणबाट संकलन गरिएका र अन्य पहिलो र दोस्रो किसिमका विवरणको आधारमा प्रतिवेदन तयार गरिनेछ ।

## ३.९. प्रतिवेदनको तयारीको कममा सार्वजनिक उपस्थितिको निश्चय र जन परामर्श एवं सूचना सर्वेक्षण कार्य

### ३.९.१. सार्वजनिक सूचनाको प्रकाशन

प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रक्रियालाई पारदर्शी बनाउन र प्रस्ताव कार्यान्वयनबाट उक्त क्षेत्र वरिपरीका समुदायमा पर्नसक्ने सकारात्मक असरको उपभोग र नकारात्मक असरको न्यूनीकरणका लागि उक्त क्षेत्रको समुदायबाटै राय सुझाव संकलन गरी सुशासनको प्रत्याभूति गराउन र सम्बन्धित समुदायबाट सही सूचना र अधिकतम सूचना लिन प्रस्ताव कार्यान्वयनबाट सम्बन्धित क्षेत्रमा पर्ने सम्पूर्ण वातावरणीय असरहरुको लेखाजोखा गर्न राष्ट्रीय दैनिक पत्रीकामा सम्बन्धित ब्यक्ति तथा संस्थाहरुबाट लिखित विचारहरु खोज्दै सार्वजनिक सूचना प्रकाशित गरिनेछ ।

### ३.९.२.सार्वजनिक सूचना टांस र मुचल्का संकलन

प्रकाशित सूचनाका प्रतिलिपिहरु बिभिन्न संघसंस्थाहरुका सूचनापाटीमा टाँस गरी मुचूल्का संकलन गरिनेछ ।

### ३.९.३. सिफारिस पत्रहरुको संकलन

प्रस्ताव कार्यान्वयनबाट प्रभावित हुन सक्ने गा.वि.स.बाट सिफारिस लिन आवश्यक हुने हुंदा सम्बन्धित निकायहरुबाट उक्त सिफारिसहरुको संकलन कार्य गरिनेछ ।

## ३.१०. अन्तिम मस्यौदा प्रतिवेदन तयारी

वातावरण संरक्षण नियमावलीको अनुसूची ५ नियम ७ बमोजिम प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनको खाका र श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय वातावरण व्यवस्था शाखाले तयार पारेको विस्तृत प्रतिवेदनको खाका तथा स्विकृत कार्यसुची अनुरुप स्थलगत सर्वेक्षणबाट संकलन गरिएका र अन्य पहिलो र दोस्रो किसिमका विवरणको आधारमा प्रतिवेदन तयारी गरि उक्त प्रतीबेदनको पछाडी संकलीत मुचल्काहरु र सिफारिस पत्रहरु टांस गरी अन्तिम मस्यौदा प्रतिवेदन जिल्ला विकास समितिको बोर्डमा पेश गरिनेछ । जिल्ला विकास समितिको बोर्डमा प्रस्तुतीकरण गरिएको दस्तावेजलाइ पुनरावलोकन समितिहरुको लिखित र मौखिक सुझावहरु समेट्दै अन्तिम रुप दिइनेछ ।

# ४. प्रतिवेदन तयार पार्दा विचार गर्नुपर्ने नीति, ऐन, नियम तथा निर्देशिका

यस सन्दर्भमा नेपाल सरकारले तथा सम्बन्धित मन्त्रालयहरुले तयार तथा कार्यान्वयन गरेको बिभिन्न विधान नीति, कानुनी व्यवस्था निर्देशिका, मापदण्ड एवं नेपाल सरकारले हस्ताक्षर गरेका बिभिन्न अन्तराष्ट्रिय सन्धि, महासन्धिले तोकेबमोजिम प्रकृयागत तथा कानुनी व्यवस्थाहरुको पनरावलोकन गरिनेछ ।

### ४.१ संविधान : नेपालको संविधान

### ४.२ नीति तथा रणनीतिक योजनाहरु :

- राष्ट्रिय जैविक विविधता सम्बन्धि रणनीति, २०५९
- वन क्षेत्रको गुरुयोजना,२०४६

- राष्ट्रिय सिमसार निति,२०५९

### ४.३ ऐन तथा नियमहरु

- स्थानीय स्वायत्त शासन ऐन, २०५५ र स्थानीय स्वायत्त शासन नियमावली, २०५६
- वातावरण संरक्षण ऐन, २०५३ र वातावरण संरक्षण नियमावली, २०५४
- वन ऐन, २०४९ र वन नियमावली, २०५१
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण, २०२९
- भू तथा जलाधार संरक्षण ऐन, २०३९ तथा नियमावली, २०४२
- जलस्रोत ऐन, २०४९
- जलचर ऐन, २०१७
- खानी तथा खनिज पदार्थ ऐन, २०४२
- फोहर व्यवस्थापन ऐन, २०६८
- श्रम ऐन, २०४८(१९९१) तथा नियम, २०५०
- बलश्रम ऐन, २०५९
- सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४

### ४.४ निर्देशिका एवं मापदण्डहरु

- राष्ट्रिय वातावरण प्रभाव मुल्याङ्कन निर्देशिका, २०५०
- वन क्षेत्रको वातावरणीय प्रभाव मुल्याङ्कन निर्देशिका, २०५२
- वातावरणमैत्री स्थानीय शासन प्रारुप, २०७०
- वनसंग सम्बन्धित अन्य निर्देशिका

### ४.५ अन्तराष्ट्रिय सन्धि तथा महासन्धिहरु

- जैविक विविधता महासन्धि (१९९२)
- CITESमहासन्धि (१९८३)

### ४.६ निर्णयहरु तथा अन्य सम्बन्धित प्रसंगहरु

- ढुंगा, गिट्टी, बालुवा तथा मिस्कट संकलन सम्बन्धमा सर्वोच्च अदालतको निर्णय
- ढुंगा, गिट्टी, बालुवा तथा मिस्कट संकलन सम्बन्धमा मन्त्रीपरिषद्का निर्णयहरु, मन्त्रालयस्तरीय निर्णयहरु, केन्द्रीय अनुगमन तथा समन्वय समितिका निर्णय, निर्देशन, परिपत्र, आदेशहरु

## ५ प्रतिवेदन तयार गर्दा लाग्ने समय, अनुमानित खर्च र अध्ययन टोली

### ५.१ अध्ययनको समय तालिका

| क्र स | बिबरण | समय (हप्ता) | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४-५ | ६-७ | ८-९ | १०-११ |
| १ | कार्यसूची स्विकृत | | | | | | | |
| १ | सेकेन्डरी डाटा संकलन तथा कार्यसुची प्रतिवेदन तयार | | | | | | | |
| २ | सार्वजानिक सुचना प्रकाशन | | | | | | | |
| ३ | स्थलगत अध्यन, स्थानियसँग बैठक | | | | | | | |
| ४ | स्थानिय सुझाव अनुरुप मसौदा प्रतिवेदन | | | | | | | |
| ५ | मस्यौदा प्रतिवेदन प्रस्तुत | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | मस्यौदा प्रतिवेदनमा सुझावहरु समायोजन गरि अन्तिम प्रतिवेदन प्रस्तुत | | | | | | | |

### ५.२ अध्ययन टोली

कालीगण्डकी नदी र आँधीखोलाको बगर क्षेत्रवाट वाट ढुंङ्गा, गिट्टी, वालुवा संकलन तथा उत्खननकार्यका लागिप्रस्तावित प्रारभिक वातावरणिय परिक्षण (IEE) को प्रतिवेदन तयारीको लागीवातावरणवीदको नेतृत्वमा निम्न उल्लेखित जनशक्तीको आवश्यकता पर्ने छ ।

| क. स. | बिज्ञता |
|---|---|
| 1 | वातावरणविद् |
| 2 | सामाजिक विज्ञ |
| 3 | जिवविज्ञ |
| 4 | भुगर्भविद् |
| 5 | तथ्यांक संकलक |

## ६. वस्तुगत वातावरणीय अवस्थाको बयान

### ६.१.१ भौतिक वातावरण

- भूस्थिति
- माटोको प्रकार एव भूगर्व
- जलाधार क्षेत्र
- जलवायु, हावापानी र जलवायु परिवर्तन
- हावा र पानीको गुणस्तर एवं ध्वनिको मात्रा
- भू उपयोग

### ६.१.२ जैविक वातावरण

- वन तथा वनस्पति
- प्रस्ताव प्रभावित क्षेत्रमा पाइने वनयजन्तु, जलचर तथा माछा
- प्रस्ताव प्रभावित क्षेत्रमा पाइने दुर्लभ, लोपोन्मुख एवं संरक्षित प्रजातिहरु

### ६.१.३ सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण

- प्रस्ताव क्षेत्रको प्रभावित गा वि स र गाउँपालिकाको जनसंख्या
- जातजाति
- शिक्षा एवं साक्षरता
- पेशा, धर्म
- उर्जा, बिजुली एवं सञ्चार
- खानेपानी एवं स्वास्थ्यको सुविधा
- यातायात र पहुचमार्ग
- धार्मिक, सांस्कृतिक एवं ऐतिहासिक स्थलहरु
- अन्य सामुदायिक संरचना स्थलहरु

## ७. प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने खास प्रभाव

### ७.१ सकारात्मक प्रभावहरु

- आयश्रोतको एवं रोजगारीको अवसर
- जि.वि.स. को आयश्रोतमा बृदि
- विकास निर्माण सामाग्रीको उपलब्धता
- बाटो/सडक संजालमा वृद्रि
- जलउत्पन्न प्रकोपमा कमि

### ७.२ नकारात्मक प्रभावहरु

#### ७.२.१ भौतिक वातावरण

- बाढी एवं अन्य जलउत्पन्न प्रकोप
- नदीको वहाव/बाटोमा आउने प्रभाव
- भिरालोपन
- भौतिक संरचनामा हुने असर
- पानी तथा सरसफाइ
- धुलोपन एवं ध्वनि
- संकलन तथा उत्खनन् सामग्रीको भण्डारणको प्रभाव
- फोहोरमैला एवं खेरजाने सामाग्री

#### ७.२.२ सामाजिक आर्थिक एवं सांस्कृतिक वातावरण

- आयस्रोतको एवं रोजगारीको अवसर
- बाटो र सडक सञ्जाल
- जि.वि.स.को आयस्रोत
- विकास निर्माण सामग्रीको उपलब्धता
- धार्मीक तथा सांस्कृतिक एवं ऐतिहासिक स्थल
- पेशागत स्वास्थ्य एवं सुरक्षा
- जनसंख्या विस्थापना
- खेतीयोग्य जमिन एवं कृषिजन्य सामाग्री
- कामदारबीच झै झगडा
- नदीको वरपर बस्ती विस्तार एवं नदी अतिक्रमण
- पैदलयात्रीको सुरक्षा

#### ७.२.३ जैविक वातावरण

- माछा एवं अन्य जलचरमा पर्ने प्रभाव
- वन्यजन्तुको आवतजावत
- गैरकानुनी शिकार
- वन्यजन्तु एवं वनपैदावारको गैरकानुनी व्यापार

#### ७.२.४ रासायनिक वातावरण

- इन्धन, लुब्रिकेन्टस, अम्ल तथा अन्य रसायनहरुको चुहावट
- धुलो एवं धुँवा उत्सर्जन

## ८. प्रस्ताव कार्यान्वयका विकल्पहरु

विकल्प विश्लेषण वातावरणीय प्रभाव अध्ययनको महत्वपूर्ण अंगको रुपमा लिइन्छ । ढुंगा, गिट्टी, बालुवा आदि संकलन गर्दा वन क्षेत्रका साथै संकलन क्षेत्रमा कुनै किसिमको हानी नोक्सानी नपारी तथा वातावरणीय अवस्थामा कुनै प्रभाव नपर्ने गरी संकलन गर्ने व्यवस्था गरिनेछ । नदी खोलामा बाढी नआएको बखत संकलन गर्न दिइनेछ । संकलन कार्यबाट वातावरणमा असर नगर्ने परम्परागत तथा आधुनिक साधनको मात्र प्रयोग गरिनेछ ।जैविक विविधताको संरक्षणलाई ध्यानमा राखी निर्धारित स्थानमा मात्र प्रस्ताव कार्यान्वयन हुने र यो प्रस्तावले वातावरणलाई क्षति नपुर्याई प्रस्तावमा उल्लेखित श्रोत सर्वेक्षणबाट निर्धारित भए बमोजिम परिमाण मात्र संकलन गर्ने व्यवस्था मिलाइनेछ ।

वातावरण संरक्षण नियमावली २०५४ को अनुसूचि ४ र अनुसूचि ६ मा उल्लेख भए अनुसार विश्लेषण गर्नुपर्ने विकल्पहरुमध्ये (कच्चा पदार्थको विकल्प नरहेको, इन्धन आवश्यक नपर्ने तथा श्रोत संकलनमा डिजाइन असम्बन्धित रहेकोले हटाइएको ) यस प्रस्तावको संभावित विकल्प निम्नानुसार रहेको छ ।

विकल्प १ : प्रस्ताव कार्यान्वयन नै नगर्ने

विकल्प २ : परम्परागत विधिद्धारा प्रस्ताव कार्यान्वयन गर्ने

विकल्प ३ : वैज्ञानिक व्यवस्थापन प्रणली अनुसार प्रस्ताव कार्यान्वयन गर्ने

## ९. प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावको रोकथामका उपायहरु

प्रभावको बढोत्तीकरण तथा न्यूनीकरण गर्ने उपायहरुको चर्चा देहायका विषयवस्तुहरु समावेश गरिनेछ । अध्ययनका क्रममा पहिल्याएका एवं अनुमान गरिएका हरेक सकारात्मक प्रभावहरुको बढोत्तीकरण गर्ने उपायहरु एवं हरेक नकारात्मक प्रभावहरु निषेध गर्ने,सच्याउने,क्षतिपूर्ति तिर्ने जस्ता प्रभाव न्यूनीकरण उपायहरु, प्रतिवेदनमा उल्लेख गरिनेछ।

प्रभाव बढोत्तरीकरण एवं न्यूनीकरणका उपायहरु प्रस्ताव कार्यान्वयनको (संकलन,उत्खनन् एवं ढुवानी) चरणमा भौतिक, जैविक, सामाजिक आर्थिक एवं सांस्कृतिक र रासायनिक वातावरण गरी ४ समूहमा वुर्गीकरण गरिनेछ।

वनस्पति एवं वन क्षेत्रसंग सम्वन्धित प्रभाव न्यूनीकरणको उपायहरु प्रस्ताव गर्दा वन क्षेत्रको जग्गा अन्य प्रयोजनको लागि उपलब्ध गराउने कार्यविधि, २०६३ अनुरुप प्रस्ताव गरिनेछ।

हरेक वातावरणीय प्रभावलाई समेट्ने गरी वातावरणीय प्रभाव म्याट्रिक्स तयार पारिनेछ।

## १०. प्रस्ताव कार्यान्वयन गर्दा अनुगमन गर्नुपर्ने कुराहरु

सामान्यतया प्रस्ताव कार्यान्वयन हुने आयोजनामा आधार रेखा अनुगमन(Baseline Monitoring),नियमपालन अनुगमन (Compliance Monitoring)र प्रभाव अनुगमन (Impact Monitoring) गरिन्छ ।

- आधार रेखा अनुगमन (Baseline Monitoring)

  आधार रेखा अनुगमन आयोजना कार्यान्वयन भन्दा अगाडि गरिने अनुगमन विधि हो । यो किसिमको आधार रेखाले पछि कार्यान्वयन हुने आयोजनामा देखा परेका परिवर्तनहरु तुलना गर्न मदत पुग्दछ ।

- नियमपालन अनुगमन (Compliance Monitoring)

यसमा प्रस्तावकले पेश गरेको प्रस्ताव एवं मौजुदा ऐन नियम अनुसार वातावरणीय प्रभावहरु न्यूनीकरण कार्यहरु भए नभएको बारेमा अनुगमन गरिने छ।

- प्रभाव अनुगमन (Impact Monitoring)

  प्रस्ताव कार्यान्वयन (न्यूनीकरणका उपाय समेत)ले भौतिक, जैविक र सामाजिक तथा आर्थिक स्थितिमा पर्ने प्रभाव मुल्याङ्कन गर्न नियमित अनुगमन गरिन्छ।

## १२. प्रतिवेदनको स्वरुप

प्रस्तावको सारांश

अध्याय एकः परिचय

अध्याय दुईः प्रस्तावको सामान्य परिचय

अध्याय तीनः अध्ययन विधि

अध्याय चारः विधान, नीति, कानुनी व्यवस्था, निर्देशिका, मापदण्ड एवं सम्मेलनहरुको पुनरावलोकन

अध्याय पाँचः वस्तुगत वातावरणीय अवस्थाको बयान

अध्याय छः प्रस्ताव कार्यान्वयनका विकल्पहरु

अध्याय सातः प्रभाव पहिचान, अनुमान एवं मूल्यांमन

अध्याय आठः प्रभाव बढोत्तोकरण एवं न्यूनीकरण गर्ने उपायहरु

अध्याय नौः वातावरणीय व्यवस्थापन योजना

अध्याय दशः निष्कर्ष एवं सुझावहरु

अनुसूचीहरु

निर्णय नं २ :

प्रस्तान नं २ माथि छलफल गर्दा गाउँपालिका क्षेत्रभित्रको सम्भावित प्राकृतिक प्रकोप तथा अन्य मानविय र भैतिक क्षतिवाट जनतालाई तत्काल राहत वितरणलाई सरल र नियमसंगत तवरबाट उपलब्ध गराउनको लागि **आकस्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि-२०७५** पारित गरि लागु गर्ने निर्णय गरियो ।

# आकस्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि-२०७५

प्रस्तावना

मानवीय जिवनमा आई पर्न सक्ने प्राकृतिक तथा गैर प्राकृतिक विपद, न्युन आर्थिक अवस्था , दीर्घरोगी जस्तै मुटु, मृगौला, क्यान्सर लगायतका मानवीय जीवनमा गम्भीर असर पार्ने रोगहरु, तथा अप्रत्याशित कारण बाट सृजना भएको विशेष परिस्थितिलाई नियन्त्रण र सम्बोधन गर्न वाञ्छनिय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७० अनुसार कालिगण्डकी गाउँपालिका गाउकार्यपालिकाको मिति २०७५/०२/०४ गतेको बैठकले यो कार्यविधि स्विकृत गरी लागु गरेको छ ।

## परिच्छेद १

## संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भ

१.१ यस कार्यविधिको नाम आकस्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७५ रहेको छ ।

१.२ यो कार्यविधि गाउकार्यपालिकाबाट स्वीकृत भएको मिति बाट लागु हुनेछ ।

२. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. कार्यविधि भन्नाले आकस्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७५ भन्ने बुझ्नुपर्छ ।

ख. कोष भन्नाले आकस्मिक कोष भन्ने बुझ्नुपर्छ ।

ग. कार्यपालिका भन्नाले गाउकार्यपालिका भन्ने बुझ्नुपर्छ ।

घ. अध्यक्ष भन्नाले कालिगण्डकी गाउपालिकाको अध्यक्षलाई सम्झनुपर्दछ ।

ङ. उपाध्यक्ष भन्नाले कालिगण्डकी गाउपालिकाको उपाध्यक्षलाई सम्झनुपर्दछ ।

च. प्रमुख प्रशासकीय अधिकृत भन्नाले कालिगण्डकी गाउपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ ।

छ. सदस्य भन्नाले कालिगण्डकी गाउपालिकाको निर्वाचित जनप्रतीनिधि सम्झनुपर्दछ ।

ज. लेखा प्रमुख भन्नाले कालिगण्डकी गाउपालिकाको लेखा शाखा प्रमुखलाई सम्झनुपर्दछ ।

गाउँ कार्यपालिकाको ... विर्ता, स्याङ्जा २०७३

झ. आकस्मिक कार्य भन्नाले भुकम्प, बाढि, पहिरो, आगलागि, माहामारी जस्ता प्राकृतिक तथा गैर प्राकृतिक विपद लगायत मानवीय जिवनमा दीर्घ असर पार्ने प्रकारका मुटु, मृगौला, क्यान्सर जस्ता दीर्घरोग बाट पिडित व्यक्तिहरु तथा न्युन आर्थीक अवस्था भएका नागरीकहरुका लागि तत्काल गरिने आकस्मिक कार्यलाई बुझ्नुपर्छ ।

**३. कोष स्थापना**

३.१ आकस्मिक कोष संचालन तथा व्यवस्थापन कोष नाम गरेको एक कोषको स्थापना हुनेछ ।

**४. आकस्मिक कोषमा जम्मा गरिएको रकम**

४.१ गाउपालिकाको संचित कोष बाट पहिलो पटक रु १००००० विपद व्यावस्थापन कोष शिर्षकबाट झिकि त्यस्तो रकम आकस्मिक कोषमा जम्मा गरिएको छ ।

## परिच्छेद २

## कोषको अवधारण, लक्ष्य, उद्देश्य

**५. अवधारणा**

गाउपालिका भित्र  हुने सबै प्रकारका प्राकृतिक तथा मानव सृर्जित विपद बाट प्रभावित व्यक्ति परिवार तथा संघ संस्थालाई तत्काल राहत सहयोग उपलब्ध गराउन, न्युन आर्थिक स्थिति रहेका दीर्घरोगीहरु लगायत अप्रत्याशीत घटनामा पनि अंग भंग भएकाहरुलाई पहिचान गरि राहत सहयोग पुऱ्याउन कोषको अवधारणा ल्याइएको हो ।

**६. लक्ष्य**

प्राकृतिक तथा मानव सृर्जित विपदको प्रकोपमा परेका व्यक्ति परिवार तथा संघ संस्थालाई तत्काल राहत सहयोग उपलब्ध गराउन, विपन्न दीर्घरोगीहरु, अंग भंग भएकाहरुलाई तत्काल राहत सहयोग पु-याउन र अप्रत्याशीत स्थितिमा गरिने कार्यहरु गरि मानवीय क्षतिमा कमी ल्याउनु नै कोषको लक्ष्य रहेको छ ।

**७. उद्देश्य**

यस कोषको उद्देश्यहरु निम्नानुसार रहेको छ ।

७.१ विपद पिडितहरुलाई तत्काल राहत उपलब्ध गराउने ।

७.२ आकस्मिक वा अप्रत्याशित कारण बाट सृजीत अवस्थाको पहिचान गरी पिडीतलाई राहतको अनुभुती दिलाउने ।

७.३ गाउपालिकाको कार्यक्षेत्र भित्र भइ परि आएको विशेष परिस्थितिमा तत्काल आवश्यक देखिएको कार्य गरि क्षति न्युनिकरण गर्ने,

७.४ पिडितहरुलाई तत्काल राहत उपलब्ध गराइ पुनःस्थापना तर्फ उन्मुख गराउने,

७.५ स्थानीय तहमा रहेका अत्यन्त विपन्न दीर्घरोगीहरु, दुर्घटनामा परि अंग भंग हुनेहरुलाई तत्काल राहत उपलब्ध गराउने,

## परिच्छेद ३

## कोषको व्यवस्थापन तथा संचालन सम्बन्धी व्यवस्था

**८. आकस्मीक कोष सञ्चालन र व्यवस्थापन समीती**

८.१ आकस्मीक कोषको सञ्चालन तथा सहयोग रकम सिफारीस गर्नको लागी गाउपालिकामा तपशील बमोजीमको एक समिति रहनेछ । जसमा देहाय बमोजिमका सदस्यहरु रहनेछन ।

| | |
|---|---|
| (क) गाउपालिका अध्यक्ष | संयोजक |
| (ख) गाउपालिका उपाध्यक्ष | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) गाउकार्यपालिकाले तोकेको ३ जना सदस्य | सदस्य |
| (ङ) गाउपालिकाको लेखा प्रमुख | सदस्य |

**९. समीतीको काम कर्तव्य र अधिकार**

**दफा ९.१ बमोजिम गठित समितिको कम कर्तव्य र अधिकार निम्नानुसार रहेको छ ।**

९.१ गाउपालिका भित्र आइपर्न सक्ने सम्भावित विपद तथा आकस्मीक कार्यका लागि तयारी अवस्थामा बस्ने ।

९.२ सहयोग कार्यका निम्ती रितपुर्वक परेका निवेदनहरु उपर छलफल गर्ने ।

९.३ पिडितको आर्थिक अवस्था, क्षतिको विवरण, स्थलगत निरिक्षण लगायतका यावत पक्षको छानवीन गरी सहयोग रकम सिफारिस गर्ने ।

**१०ं कोषमा जम्मा भएको रकम निम्नानुसार परिचालन गरिनेछ ।**

१०.१ दिर्घरोग अन्तर्गत मुटको अपरेसन , क्यान्सर , मृगौलाको डाइगोनोसिस गर्नु पर्ने जस्तो अवस्थामा संयोजकको तोक आदेशले रु १५०००। सम्म आर्थिक सहयोग यो कोषवाट उपलव्ध गराउन सकिने छ । यद्धपी मुटुको अपरेसनको हकमा यो आर्थिक वर्षको हकमा मात्र उपलव्ध गराउन सकिने छ ।

१०.२ प्राकृतिक तथा अन्य विपदको कारण घरको पुर्ण क्षती भएमा तत्काल राहत स्वरुप संयोजकको तोक आदेशले रु १५०००। सम्म आर्थिक सहयोग उपलव्ध गराउन सकिने छ यद्धपी प्रहरी सरजिमन मुचुल्का सहितको वडा सिफारिस सम्वन्धीत व्याक्तीले उपलव्ध गराउनु पर्नेछ । साथै गोठको मात्र पुर्ण क्षति भएमा रु ५००० अक्षररुपी रु पाच हजार सम्म आर्थिक सहयोग उपलव्ध गराउन सकिने छ ।

१०.३ गाउँपालिकाका कुनै पनि नागरिकको आर्थिक अवस्था अत्यान्त नाजुक रहेको कारणले नजिकको स्वास्थ चौकीमा उपचार हुन नसकेको भनि सम्वन्धित स्वास्थ चौकीको सिफारिसमा उपचार गराउन अस्पताल सम्म पनि जान नसक्ने अवस्था हो भनी संयोजकलाई लागेमा समितिले पछि अनुमोदन गर्ने गरि रु १००००। सम्मको सहायता उपलव्ध गराउन सकिने छ ।

१०.४ अत्यान्तै ठुलो मानविय तथा भौतिक क्षतिको कारणले कुनै पनि नागरिकको आफ्नो आर्थिक अवस्थाले तत्कालको व्यावस्थापन गर्न पनि नसक्ने अवस्था रहेको समितिलाई लागेमा गाउँ कार्यपालिकाले अनुमोदन गर्ने गरि समितिले थप १५०००। सम्मको आर्थिक सहायता उपलव्ध गराउन सक्ने छ ।

१०.५ आकस्मिक कार्य बाहेक अन्य प्रयोजनका लागि यस कोष बाट रकम खर्च गर्न सकिने छैन ।

१०.६ गाउँपालिका क्षेत्रभित्र कुनैपनि प्रकारका वेवारिसे लासहरु भएमा त्यसको व्यावस्थापनको लागि प्रहरी मुचुल्का सहितको आवश्यक कागजपत्रको आधारमा आवश्यक रकम यो कोषवाट व्यावस्थापन गर्न सकिने छ ।

## परिच्छेद ४

## कोषको आर्थिक तथा प्रशासनिक व्यवस्था

**११. कोषमा जम्मा हुने रकम**

११.१ कोषमा देहाय बमोजिमका रकमहरु रहने छन ।:

१) गाउसभा र गाउकार्यपालिकाबाट आकस्मिक कोषका लागि वार्षिक रुपमा विनियोजन हुने रकम,

२) दातृ निकाय, गैर सरकारी संस्था, संघिय सरकार, प्रदेश सरकार, अन्य स्रोतहरुबाट प्राप्त हुने रकम ,

**१२. कोषको आर्थिक व्यवस्थापन**

कोषको आर्थिक व्यवस्थापन स्थानीय तहको आर्थिक प्रशासन नियमावली र अन्य प्रचलित आर्थीक नियमावली बमोजिम हुनेछ ।

**१३. प्रशासनिक व्यवस्था**

कोषको प्रशासनिक व्यवस्थापन प्रमुख प्रशासकीय अधिकृतको नियन्त्रण र निर्देशनमा रहने गरी गाउकार्यपालिकाको कर्मचारीबाट हुनेछ ।

## परिच्छेद ५

## विविध

**१४. आकस्मिक कोषको रकम बृद्धि गर्न सक्ने**

गाउपालिकाले गाउसभा बाट स्वीकृत गराइ आकस्मिक कोषमा रहने रकममा आवश्यकता अनुसार बृद्धि गराउन सक्नेछ ।

**१५. जाँच पास तथा फरफारक**

कोष बाट खर्च भएको रकमको जाँच पास तथा फरफारक प्रचलित कानून बमोजिम हुनेछ ।

**१६. संशोधन**

यस कार्यविधिलाई गाउकार्यपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

**१७. बाधा अडकाउ फुकाउ, खारेजी र बचाउ**

**क.बाधा अडकाउ फुकाउ** :यस कार्यविधिको कार्यान्वयन गर्न कुनै बाधा अडकाउ परेमा गाउकार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

**(ख) खारेजी र बचाउ** :कार्यविधि जारी हुनुभन्दा दिइएको सहयोग रकम यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

समाप्त

निर्णय नं ३:

प्रस्तान नं ३ माथि छलफल गर्दा गाउँपालिकामा सवारी साधन मोटरसाइकल प्रयाप्त नहुदा योजना अनुगमन देखी प्राविधिक मुल्याङ्कन तथा दैनिक कार्यलय सञ्चालनमा समेत समस्या रहेको हुदा तत्काल कन्टेन्जेन्सी तर्फको रकमवाट खर्च गर्ने गरी कोटेशनवाट २ वटा मोटरसाईकल खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं ४:

प्रस्तान नं ४ माथि छलफल गर्दा गाउँपालिका कार्यालयमा विभिन्न शाखाको स्थापना तथा कर्मचारीको संख्यामा वृद्धि सँगै योजनाको प्रविधिक इस्टीमेट तथा मुल्याङ्न गर्नको लागि समेत कम्पुटरको अभाव रहेको हुदा तत्कालको लागि कोटेशनवाट खरिद गर्ने गरि कन्टेन्जेन्सी तर्फको शिर्षकवाट आवश्यक रकम विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं ५ :

प्रस्तान नं ५ माथि छलफल गर्दा गाउँपालिका कार्यलयमा विभिन्न शाखाको स्थापना तथा कर्मचारीको संख्यामा वृद्धि सँगै गाउँपालिका सभा हलको व्यावस्थापनको लागि तत्काल फर्निचर व्यावस्थापन गर्नु पर्ने हुदा कोटेशनवाट खरिद गरि तत्काल कार्यलय व्यावस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं ६ :

प्रस्तान नं ६ माथि छलफल गर्दा मन्त्रालयको परिपत्र तथा जिल्ला प्रशासन कार्यलयको निर्देशन तथा मौषम परिवर्तन सँग वर्षायामको सुरुवातको अवस्थालाई मध्यनजर गर्दै गाउँसभाद्धारा विनियोजित विपद व्यवस्थापन तर्फको कोषवाट खर्च गर्ने गरि तपशिल बमोजिमको विपद व्यावस्थापन तथा पुर्व तयारी समान खरिद गर्ने निर्णय गरियो ।

क. तारजाली खरिद रु ३०००००।

ख. ह्याम पाइप खरिद रु ४०००००।

ग. पुर्व तयारी सामाग्री रु ५०००००।

निर्णय नं ७:

प्रस्तान नं ७ माथि छलफल गर्दा यस गाउँपालिकाको वडा नं ४ मा एउटा व्याडमिण्टन कोर्ट निर्माणको लागि गाउँपालिकाको खेलकुद तर्फ विनियोजित बजेटवाट रु १५००००। अक्षररुपी एकलाख पचास हजार उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं ८ :

प्रस्ताव नं ८ माथि छलफल गर्दा यस गाउँपालिकामा कार्यरत पश्चिम नेपाल ग्रामिण खानेपानि परियोजनाको लागि गाउँपालिकाको तर्फवाट व्यहोर्नु पर्ने रकम मध्ये गाउँ सभावाट विनियोजित समपुरक कोषतर्फको रकमवाट हाललाई रु २८५७४०६ अक्षररुपी अट्ठाइसलाख सन्ताउन्न हजार चार सय छ रुपिया तपशिल वमोजिमका चालु तथा पुजिगत योजनाको लागि विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं ९ :

प्रस्ताव नं ९ माथि छलफल गर्दा वसपार्क निर्माणको लागि वडा नं ७ मा न्युनतम १५ रोपनी , अस्पतालको जग्गा खरिदको लागि वडा नं ७ मा कम्तीमा ८ रोपनी र गाउँपालिकाको भवन निर्माणको लागि वडा नं ४ को क्षेत्र भित्र कम्तीमा २० रोपनी जग्गा प्राप्ती गर्ने प्रकृयाको लागि गाउँपालिकाले १५ दिने सार्वजनिक सुचना जारी गर्ने निर्णय गरियो ।

निर्णय नं १०

प्रस्ताव न. १० माथि छलफल गर्दा यस गाउँपालिकाको वडा नं ५ र ६ को भपेडमा गाउँपालिका स्तरिय खेलकुद मैदान निर्माण गर्नको लागि खेलकुद तर्फ विनियोजित रकमवाट रु ५०००००। विनियोजन गर्ने निर्णय गरियो साथै वडा नं ३ मा खेलकुद मैदान निर्माणको लागि रु १५०००० विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं ११ :

प्रस्ताव नं ११ माथि छलफल गर्दा वडा नं ४ को कोट भन्ने ठाउँमा भ्यु टाउर निर्माण गर्न तत्काल पर्यटन विकास तर्फको वजेटवाट हाललाई ट्वाइलेट र ट्रष्ट निर्माण गर्ने गरी रु ५०००००। अक्षररुपी पाँचलाख रकम विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं १२ :

प्रस्ताव नं १२ माथी छलफल गर्दा गाउँपालिका भित्रका सहायक वाटोमा असार १५ देखी भाद्र १५ सम्मको लागि खाध्यन्य वाहेकको (सम्वन्धीत समितिको सिफारिसमा )अन्य सामाग्रीहरु ढुवानीमा सवै प्रकारका ट्याक्टरहरुलाई लागि रोक लगाउने निर्णय गरियो ।

निर्णय नं १३ :

प्रस्ताव नं १३ माथि छलफल गर्दा गाउँपालिका भित्रका विभिन्न किराना पसलहरुमा खाध्यान्य वाहेकका मध्यपान , धुम्रपान तथा सुर्तिजन्य पदार्थहरु विक्रि वितिरण भएको पाइएकाले सो कार्यलाई रोक्नको लागि तत्काल सुचना जारी गरी आवश्यक प्रकृया अगाडी वढाउने निर्णय गरियो । गाउँपालिका भित्रका होटलहरु अनिवार्य रुपमा ९:३० बजे भित्र वन्द गर्ने गराउने निर्णय गरियो ।

निर्णय नं १४ :

प्रस्ताव नं १४ माथि छलफल गर्दा हुरी बतास सहितको वर्षाको कारणले क्षति भएका निम्न विद्यालयहरुको लागि तत्काल सहयोग प्रदान गरि नियमित पठनपाठन सुचारु गर्नको लागि लागि तपशिल बमोजिमको सहयोग रकम विपद व्यावस्थापन कोषवाट प्रदान गर्ने निर्णय गरियो ।

तपशिल :

१. देउराली मा.वि रु २००००० -दुई लाख

२. विरेन्द्र मा.वि रु १५००००( एक लाख पचास हजार

३. सरस्वती मा.वि रु ५०००० -पचास हजार

निर्णय नं १५ :

प्रस्ताव नं १५ माथि छलफल गर्दा प्युघा खानेपानि योजनाको लागि गत वर्षमानै विनियोजन गरेको गाविसको समपुरक कोष अन्तर्गतको रकम भुक्तानी विविध कारणले हुन नसकेको र सो वापतको रकम गाउँपालिकाको संञ्चीतकोषमा नै फिर्ता गरिएको हुदा गाउपालिकामा विनियोजित समपुरक कोषवाट उपलब्ध गराउने गरी निर्णय गरियो ।

गाउ कार्यपालिका बैठक

बैठक नं 20

आज मिति २०७५ साल जेठ २६ गते का दिन शनिवारका दिन यस कालीगण्डकी गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री खिम बहादुर थापाको अध्यक्षतामा बसी निम्न बमोजिमको उपस्थितीमा तपशिल बमोजिमका प्रस्तावहरु माथि छलफल गरि निर्णयहरु गरियो ।

उपस्थिती :

| | |
|---|---|
| श्री खिम बहादुर थापा | अध्यक्ष |
| श्री साबित्रा कोईराला | उपाध्यक्ष |
| श्री गणेश प्रसाद खनाल | प्रमुख प्रशासकिय अधिकृत |
| श्री सोभिलाल चौतारे | वडाध्यक्ष वडा नं. १ |
| श्री नर बहादुर राना | वडाध्यक्ष वडा नं. २ |
| श्री राम बहादुर आले | वडाध्यक्ष वडा नं. ३ |
| श्री चक्रपाणी पाण्डे | वडाध्यक्ष वडा नं. ४ |
| श्री लोकेदार थापा | वडाध्यक्ष वडा नं. ५ |
| श्री लिला बल्लभ अधिकारी | वडाध्यक्ष वडा नं. ६ |
| श्री मुक्ति प्रसाद भट्टराई | वडाध्यक्ष वडा नं. ७ |
| श्री मन्धरा पाण्डे | कार्यपालिका सदस्य |
| श्री कोमाया सोमै | कार्यपालिका सदस्य |
| श्री टीकिसरा भट्टराई | कार्यपालिका सदस्य |
| श्री टिकाकुमारी विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री शोभाखर दर्जी | कार्यपालिका सदस्य |
| श्री थानेश्वर वि.क. | कार्यपालिका सदस्य |

आमन्त्रित :

| | |
|---|---|
| प्रकास शर्मा | लेखा शाखा प्रमुख |
| प्रकास खनाल | लेखा शाखा |
| श्री सुस्मिता पाण्डेय | कार्यलय सहयोगी |

प्रस्तावना :

१. आ.व ०७५।७६ को योजना तर्जुमा सम्वन्धमा ।

२. एकिकृत सम्पती कर सम्वन्धमा ।

३. प्रतिक्षालय  निर्माण सम्वन्धमा ।

४. लौजा बाटो उद्घाटनको खर्च सम्वन्धमा ।

५.जन प्रतिनिधीको तलव भत्ता वितरण सम्वन्धमा ।

६. वुटिक तालिमको लागि थप रकम व्यावस्थापन सम्वन्धमा ।

निर्णय नं १ :

प्रस्तान नं १ माथि छलफल गर्दा कालिगण्डकी गाउँपालिकाको लागि आगामी आ.व २०७५।७६ लागि वस्तीस्तरको योजना छनौट कार्य जेठ २ गते भित्र गर्ने गरी निर्णय गरियो । साथै सबै समितिको बैठक सम्वन्धीत समितीको संयोजकले जेठ ७ गते भित्र बोलाउने निर्णय गरियो ।

निर्णय नं २ :

प्रस्ताव नं २ माथि छलफल गर्दा एकिकृत सम्पती कर सम्वन्धी अभिमुखीकरण तालिम सवै जनप्रतिनिधीहरुको लागि असार ५ गते गर्ने गरि निर्णय गरियो ।

निर्णय नं ३ :

प्रस्ताव नं ३ माथि छलफल गर्दा  गाउँ कार्यपालिकाको कार्यलयमा एउटा प्रतिक्षालय निर्माणको लागि प्राविधिक इस्टीमेटको आधारमा आवश्यक रकम विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं ४ :

प्रस्ताव नं ४ माथि छलफल गर्दा कालिगण्डकी गाउँपालिकाको वडा नं २ र ४ मा अवस्थित लौजा पहिरोमा रहेको वाटो उद्घाटनको कममा व्यावस्थापनमा भएको रु ५००० अक्षररुपी पाँचहजार खर्च रकम विविध शिर्षकवाट उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं ५

प्रस्ताव नं ५ माथि छलफल गर्दा गाउँपालिकाका जनप्रतिनिधिहरुको तलव भत्ताको वारेमा प्रदेश नं ४ को आन्तरिक मामिला तथा कानुन मन्त्रालयको मिति २०७५ वैशाख २४ गते प्रकाशित राजपत्रमा उल्लेख भए अनुसारको सेवा सुविधा गाँउ सभावाट विनियोजित रकमवाट उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं ६

प्रस्ताव नं ६ माथि छलफल गर्दा वडा नं ४ मा सञ्चालित वृटिक तालिमको कार्यक्रम अत्यान्त प्रभावकारीरुपमा सञ्चालन भईराखेको र विनियोजित रकमले मात्र सम्पन्न हुन नसक्ने अवस्था रहेको हुदा गाउँ सभाद्वारा विनियोजित लक्षित वर्गको शिर्षकवाट थप रु ५००००। अक्षररुपी पचाँस हजार विनियोजन गर्ने निर्णय गरियो ।

गाउ कार्यपालिका बैठक

बैठक नं २१

आज मिति २०७५ साल असार ४ गते सोमवारका दिन यस कालीगण्डकी गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री खिम बहादुर थापाको अध्यक्षतामा बसी निम्न बमोजिमको उपस्थितीमा तपशिल बमोजिमका प्रस्तावहरु माथि छलफल गरि निर्णयहरु गरियो ।

उपस्थिती :

| | |
|---|---|
| श्री खिम बहादुर थापा | अध्यक्ष |
| श्री साबित्रा कोईराला | उपाध्यक्ष |
| श्री गणेश प्रसाद खनाल | प्रमुख प्रशासकिय अधिकृत |
| श्री सोभिलाल चौतारे | वडाध्यक्ष वडा नं. १ |
| श्री नर बहादुर राना | वडाध्यक्ष वडा नं. २ |
| श्री राम बहादुर आले | वडाध्यक्ष वडा नं. ३ |
| श्री चक्रपाणी पाण्डे | वडाध्यक्ष वडा नं. ४ |
| श्री लोकेदार थापा | वडाध्यक्ष वडा नं. ५ |
| श्री लिला बल्लभ अधिकारी | वडाध्यक्ष वडा नं. ६ |
| श्री मुक्ति प्रसाद भट्टराई | वडाध्यक्ष वडा नं. ७ |
| श्री मन्धरा पाण्डे | कार्यपालिका सदस्य |
| श्री कोमाया सोमै | कार्यपालिका सदस्य |
| श्री टीकिसरा भट्टराई | कार्यपालिका सदस्य |
| श्री टिकाकुमारी विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री शोभाखर दर्जी | कार्यपालिका सदस्य |
| श्री थानेश्वर बि.क. | कार्यपालिका सदस्य |

आमन्त्रित :

हिरामणी पाण्डे ~~सदस्य~~

प्रकास शर्मा ~~सदस्य~~

प्रकाश खनाल

प्रस्तावहरु :

१. स्थानिय राजपत्र कार्यविधि सम्वन्धमा ।

२.निति तथा कार्यक्रम प्रस्तुतिको मिति निर्धारण सम्वन्धमा ।

३.बजेट पेश गर्ने मिति निर्धारण सम्वन्धमा ।

४. अनुगमन तथा भ्रमण खर्च सम्वन्धमा ।

५. एकीकृत सम्पत्ती करको तालिम स्थगन सम्वन्धमा ।

६. भवनको जग्गा मुल्याङ्कन समिति गठन सम्वन्धमा ।

७.शिक्षक तालिमको लागि आवश्यक रकम उपलब्ध गराउने सम्वन्धमा ।

निर्णय नं १ :

प्रस्ताव नं १ माथि छलफल गर्दा गाउँपालिका ले निर्माण गरेका ऐन , नियम तथा कार्यविधि प्रकाशन गर्ने प्रयोजनको लागि स्थानिय राजपत्र प्रकाशन सम्वन्धी कार्यविधि , २०७५ पारित गर्ने निर्णय गरियो ।

निर्णय नं २

प्रस्ताव नं २ माथि छलफल गर्दा आगामी आर्थिक वर्ष २०७५।७६ को निति तथा कार्यक्रम आगामी असार ७ गते १ बजे गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ३

प्रस्ताव नं ३ माथि छलफल गर्दा आ.व ०७५।७६ को बजेट आगामी असार १० गते ३ बजे गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ४ :

प्रस्ताव नं ४ माथि छलफल गर्दा गाउँपालिका भित्रका आ.व ०७४।७५ मा सञ्चालन भएका योजनाहरुको अनुगमन कार्य गरेबापत गाउ कार्यपालिका कार्यलय अन्तर्गतका कर्मचारी तथा

जनप्रतिनिधीको लागि भ्रमण नियमावलीमा उल्लेख भए अनुसार र नजिकका वडा कार्यलयमा अनुगमन गरेबापत दैनिक खाजा खर्च वापत रु ५०० उपलब्ध गराउने निर्णय गरियो साथै सवै वडा कार्यलयहरुको प्रतिनिधीको लागि पनि सोही अनुसार हुनेछ ।

निर्णय नं ५ :

प्रस्ताव नं ५ माथि छलफल गर्दा गत कार्यपालिका बैठकको निर्णायानुसार एकिकृत सम्पती कर सम्बन्धमा असार ५ गते गर्न भनिएको तालिम कार्यक्रमलाई केही दिन पछि गर्ने गरी हाल लाई स्थगित गर्ने निर्णय गरियो ।

निर्णय नं ६ :

प्रस्ताव नं ६ माथि छलफल गर्दा गाउँपालिकाले जारी गरेको सुचना बमोजिम निवेदन आएका जग्गाहरुलाई अध्यान तथा अनुगमन गरी आवश्यक राय सुझाव सहित कार्यपालिकामा प्रतिवेदन पेश गर्नको लागि तपशिल बमोजिमको सिफारिस समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| शोभिलाला चौतारे | संयोजक |
| चक्रपाणी पाण्डे | सदस्य |
| मुक्ति प्रसाद पाण्डे | सदस्य |
| मन्दरा पाण्डे | सदस्य |
| हिरामणी पाण्डे | सदस्य सचिव |

निर्णय नं ७:

प्रस्ताव नं ७ माथि छलफल गर्दा विरेन्द्र माविमा सञ्चालन भएको शिक्षक तालिम कार्यक्रम अत्यान्त प्रभावकारी र उपयोगी रहेकोमा त्यहाँको उत्साह र सिकाई उपलब्धीलाई मध्यनजर गर्दै अपुग रहेको रकम रु ४००००। अक्षररुपी चालिस हजार कार्यक्रम खर्चवाट उपलब्ध गराउने निर्णय गरियो ।

गाउ कार्यपालिका बैठक

बैठक नं २२

आज मिति २०७५ साल असार ६ गते बुधवार का दिन यस कालीगण्डकी गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री खिम बहादुर थापाको अध्यक्षतामा बसी निम्न बमोजिमको उपस्थितीमा तपशिल बमोजिमका प्रस्तावहरु माथि छलफल गरि निर्णयहरु गरियो ।

उपस्थिती :

| | | |
|---|---|---|
| श्री खिम बहादुर थापा | अध्यक्ष | [signature] |
| श्री साबित्रा कोईराला | उपाध्यक्ष | [signature] |
| श्री गणेश प्रसाद खनाल | प्रमुख प्रशासकिय अधिकृत | |
| श्री सोभिलाल चौतारे | वडाध्यक्ष वडा नं. १ | [signature] |
| श्री नर बहादुर राना | वडाध्यक्ष वडा नं. २ | [signature] |
| श्री राम बहादुर आले | वडाध्यक्ष वडा नं. ३ | [signature] |
| श्री चक्रपाणी पाण्डे | वडाध्यक्ष वडा नं. ४ | [signature] |
| श्री लोकेदार थापा | वडाध्यक्ष वडा नं. ५ | [signature] |
| श्री लिला बल्लभ अधिकारी | वडाध्यक्ष वडा नं. ६ | [signature] |
| श्री मुक्ति प्रसाद भट्टराई | वडाध्यक्ष वडा नं. ७ | [signature] |
| श्री मन्धरा पाण्डे | कार्यपालिका सदस्य | मन्धरा |
| श्री कोमाया सोमै | कार्यपालिका सदस्य | [signature] |
| श्री टीकिसरा भट्टराई | कार्यपालिका सदस्य | टिकासरा |
| श्री टिकाकुमारी विश्वकर्मा | कार्यपालिका सदस्य | [signature] |
| श्री शोभाखर दर्जी | कार्यपालिका सदस्य | [signature] |
| श्री थानेश्वर बि.क. | कार्यपालिका सदस्य | [signature] |

आमन्त्रित :

हिरामणी पाण्डे

प्रकाश शर्मा

लक्ष्मी पाण्डे

प्रस्तावहरु :

१ .आ.व २०७५।७६ को निति तथा कार्यक्रमको सम्बन्धमा ।

निर्णयहरु :

निर्णय नं : १

प्रस्ताव नं १ माथि छलफल गर्दा बजेट छलफल गर्दा बजेट तथा कार्यक्रम तर्जुमा समितिले तयार पारी सिफारिस गरेको आर्थिक वर्ष ०७५।७६ को निति तथा कार्यक्रमलाई पारित गरि सभा समक्ष पेश गर्नको लागि स्थानिय सरकार  प्रमुख समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

आर्थिक वर्ष २०७५/०७६ को कालीगण्डकी गाउँपालिकाको नीति तथा कार्यक्रम

१. नेपालको संविधान २०७२ ले व्यवस्था गरेबमोजिम तिनै तहको निर्वाचन पश्चातको निर्वाचित प्रतिनिधिको रुपमा यस कालीगण्डकी गाउँपालिकाको आर्थिक वर्ष २०७५।०७६ को नीति तथा कार्यक्रम यस गरिमामय गाउँ सभामा दोस्रो पटक प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित भएको छु । यस अवसरमा म नेपालको संङ्घीय लोकतान्त्रिक गणतन्त्रका लागि नेपाली जनताले पटक पटक गर्दै आएको ऐतिह्रासिक जनआन्दोलन लोकतान्त्रिक र प्रजातान्त्रिक आन्दोलनहरुको स्मरण गर्न चाहन्छु । लोकतन्त्रको स्थापनार्थ ज्ञात अज्ञात शहिदहरुको त्याग र बलिदानलाई उच्च सम्मान गर्दछु ।

२. संविधानसभाबाट नेपालको संविधान जारी भएसँगै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था, बहुलवाद, सामाजिक न्याय सहितको समानुपातिक समावेशी व्यवस्था मौलिक अधिकार, नागरिक स्वतन्त्रता, धर्म निरपेक्षताजस्ता महत्वपूर्ण उपलब्धिहरु संस्थागत भएका छन् । नेपालको संविधानले अंगिकार गरेको विविधता बीच एकता सामाजिक सांस्कृतिक ऐक्यबद्धताले नेपाली स्वाभिमानलाई तीनै तहको निर्वाचनले अझ उचो बनाएको छ । सबै प्रकारको विभेद अन्त्य गरी आर्थिक समृद्धि समानता र सामाजिक न्याय सुनिश्चित गर्ने आधारशीला खडा भएको छ । यस अवसरमा सरकार, निर्वाचन आयोग, निर्वाचन कार्यमा खटिएका राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, पर्यवेक्षक र राजनैतिक दलहरुलाई यस गाउँसभा मार्फत हार्दिक धन्यवाद दिन चाहन्छु । यस निर्वाचनबाट लोकतन्त्रको आधारशीलाको रुपमा रहेको स्थानीय तहलाई अधिकार सम्पन्न बनाई सिंहदरबारको अधिकार गाउँमा हस्तान्तरण भई यो नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गर्वको अनुभूति गरेको छु । जनताको पूर्ण लोकतन्त्र , सुशासन, जनताप्रति उत्तरदायी स्थानिय तह, भष्टचार मुक्त समाज र सुसंस्कृत एवं कर्तव्य प्रति दृढ समाज यस गा. पा. को आदर्श हुनेछ ।

३. **समृद्ध नेपाल, सुखी नेपाली संघीय सरकार**को दीर्घकालीन उदेश्य प्राप्त गर्न **एक गाउँ एक उत्पादन, एक व्यक्ति एक सिप, एक परिवार एक रोजगार** भन्ने नारा तय गरेर अगाडी बढ्न सक्यो र जनता उत्पादन मुलक काममा जोडिएछन भने मात्र समाज समृद्ध हुन्छ । समाज समृद्धी भयो भने स्थानिय तह स्वतह समृद्ध हुनेछ । जब नागरिक सचेत हुन्छ, अनि नागरिक निगरानी र सचेतना बढ्छ । यसपछि बन्ने भौतिक संरचनाहरु र पूर्वाधारहरु गुणस्तरिय हुन्छन ।

४. यस कालीगण्डकी गा.पा. का प्रत्यक कार्यहरुको केन्द्र विन्दु आम नागरिक हुनेछन् । सबैलाई समान अवसर, समान अधिकार, उतिकै सम्मानको प्रत्याभूति गरिने छ ।

५. वर्तमान पुष्ताले नै महसुस गर्ने गरी विकास र समृद्वि हासिल गर्नेतर्फ केन्द्रीत भएर यस स्थानीय तहको आर्थिक वर्ष २०७५।७६ को निति तथा कार्यक्रमहरु त्यार गरेको छ । यसले यो आर्थिक वर्ष समृद्वको इतिहास रच्ने आधार वर्ष हुनेछ ।

६. विकास निति , रणनिति, कार्यनिति, कानुन, संस्था, जनशक्ति र साधनश्रोत, सहभागिता, सेवा प्रवाह नतिजा अनुगमन एवं मुल्याङ्कनका क्षेत्रमा आमुल परिर्वतन गरिनेछ । अब बन्ने योजनाहरु पूर्ण योजना हुनेछन । सम्पूर्णतामा कार्यान्वयन गरिनेछन् । हाम्रा नतिजा र उपलब्धीहरु गुणस्तरीय विस्वस्त र प्रवाभमा गा.पा. को कायापलट गर्न सक्षम हुनेछ ।

७. यस गा.पा ले कृषि, पशु, उर्जा, लघु उद्योग यातायात , भौतिक पूर्वाधार , सुचना प्रविधि र पर्यटनलाई आर्थिक वृद्धी को संवाहकको रुपमा पहिचान गरेको छ । सार्वजनिक, निजि र सहकारी क्षेत्रको प्रमुख लगानी यो क्षेत्रमा केन्द्रीत गरिने छ । गैर आवसिय नेपालीहरुलाई यस गा.पा. मा आफ्नो ज्ञान , सिप र पूंजी उपयोग गर्न उत्प्रेरित गरिनेछ ।

८. समृद्ध गाउँपालिकाको निर्माणका लागि सार्वजनिक,निजी र सहकारी क्षेत्रको भूमिकालाई अझ प्रभावककारी बनाइनेछ। बजेट विनियोजन गर्दा संविधानले निर्दिष्ट गरे बमोजिम नेपाल सरकार प्रादेशीक सरकारको निति, लक्ष्य समय सिमा र स्थानिय आवश्यकता अनुसार लक्ष्य हासिल गर्ने गरी कार्यक्रम तय गरिनेछ । बजेट विनियोजनको दक्षता र खर्च गर्ने क्षमता अभिवृद्धि गरिनेछ । पुँजिबजारको विस्तार गर्ने कार्यलाई बढावा दिइनेछ । गैर बैंकिङ्ग वित्तिय क्षेत्रमा रहेको पुँजिलाई पुर्वाधार विकासमा लगाइनेछ । वित्तिय व्यवस्थापन क्षमता र जवाफदेहिता बढाइनेछ । जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम तय गरिनेछ । गाउँपालिकाको संचालनका लागि आवश्यक स्रोत साधन र जनशक्तिको व्यवस्था गरिनेछ ।

९. कृषि क्षेत्रलाई उत्पादनको प्रमुख क्षेत्रको रुपमा विकास गरिनेछ । सिँचाई, मलखाद, बीउ बिजन, बिरूवा, औषधी र उपकरण (औजार) , घाँसको बिरुवा उपलब्धतामा विशेष ध्यान दिइनेछ । पशुजन्य उत्पादन कार्यक्रमलाई प्रोत्साहन गर्न उन्नत जातका पशुहरु उपलब्ध गराउने निति लिइनेछ । पशु बिमा कार्यक्रमलाई प्रभावकारी रुपमा लागु गरिनेछ ।

१०. कालीगण्डकी किनारमा रहेका टारी खेतहरुमा सिचाईको व्यवस्था गरी कृषी उत्पादन वृद्धि गर्न नदिबाट लिफटिङ गरी सिचाईको आवश्यक प्रकृया अगाडी बढाईनेछ ।

११. हरेक वडामा कृषि उपसंकलन केन्द्र स्थापना गर्ने निति र कालीगण्डकी गा.पा. एक संचालन केन्द्र र शितभण्डार स्थापना गर्न यसै वर्ष कार्य प्रारम्भ गरिनेछ।

१२. व्यावसायीक कृषिलाई प्रवर्दन गर्न दुध, केरा, माछा, कागती र सुन्तला उत्पादनलाई परिणामका आधारमा प्रोत्साहन मुल्यमा साहायता प्रदान गर्ने निति लिइनेछ ।

१३. खाद्यान्न उत्पादनलाई प्रोत्साहन गर्न हाम्रो मुख्य बाली धान, मकै र आलु उत्पादक किसानहरुलाई उत्पादन परिणामको आधारमा बिउमा अनुदान दिने निति लिइनेछ ।

१४. सामुहिक खेती प्रणालीलाई प्रोत्साहन गर्ने निति लिइनेछ ।

१५. प्रत्येक गाउँको प्राकृतिक स्रोत, ऐतिहासिक, सामाजिक सांस्कृतिक पहिचान र आर्थिक सामर्थ्यको आधारमा गतिशील बस्ती विकास गरिनेछ । समृद्ध गाउँ/वडाहरु निर्माण गर्न व्यवस्था मिलाउँदै अगाडी बढाइनेछ । एकीकृत, व्यवस्थित, वैज्ञानिक र हरित गाउँ शहर निर्माणमा जोड दिइनेछ ।

१६. स्वच्छ खानेपानीमा नागरिकको पहुँच अभिवृद्धि गर्ने कार्यक्रममा जोड दिइनेछ ।

१७. ३ वर्ष भित्र सबैलाई स्वच्छ खाने पानी पुर्याउने निति सफल पार्न यसै आर्थीक वर्षमा एकिकृत प्रतिवेदन तयार पार्न बजेटको व्यवस्था मिलाईनेछ ।

१८. पर्यटन क्षेत्रलाई अर्थतन्त्रको प्रमुख आधारको रुपमा विकास गरिनेछ । धार्मिक पर्यटनलाई बढावा दिइनेछ । आलमदेवी, रानीघाट, आलमदेवी शिला , भृगुतुङ्गेश्वर, सितागुफा र रुरु क्षेत्रलाई धार्मिक सर्किटको रुपमा जोड्ने र मिर्मीदेखी धार्मिकस्थल सेती वेणी शिला सम्मको जलयात्रामा विशेष जोड दिइनेछ र कालीका क्षेत्रपाल मन्दिर, कोट भगवती मन्दिर र भ्यू टावर लाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने निती लिइनेछ ।

१९. उद्यमशीलता, स्वरोजगार र आय आर्जनमा केन्द्रित गर्न युवालाई छोटो र लामो अवधिको तालिम दिन जोड दिइनेछ ।

२०. परम्परागत शिक्षा प्रणालीमा सुधार गरी आधुनिक र व्यवसायिक बनाउन प्राविधिक शिक्षामा जोड दिइनेछ र गत वर्ष देखी विरेन्द्र मा. वि. जैपतेमा प्राविधिक शिक्षालय स्थापना गर्न कार्य प्रारम्भ भैसकेको र आर्थीक वर्ष ०७५।०७६ मा थप एक प्राविधिक विधालय संचालन गर्न अध्ययन गरिनेछ । शिक्षामा सूचना प्रविधिको विकास एवं प्रयोगलाई अनिवार्य बनाइनेछ । गाउँपालिकाभित्रका माध्यामिक विद्यालयहरुलाई यसै वर्ष सूचना प्रविधिको पहुँचमा पुर्याउन र थप दुई वर्ष भित्र सबै आधारभूत विद्यालयहरुलाई सुचना प्रविधि संग जोड्ने निति लिईनेछ ।

२१. विद्यालयहको विषयगत नतिजा सुधार गर्न शिक्षकहरुलाई Subject Teaching Training व्यावस्था मिलाउनुको साथै आफ्नो विषयमा राम्रो रिजल्ट ल्याउने शिक्षकहरुलाई र समग्रमा राम्रो गर्ने विद्यालयहरुलाई पुरस्कारको व्यवस्था गरिनेछ। यस वर्ष ८ वटा विद्यालयमा Room To Read मार्फत व्यवस्थित Library कार्यक्रम संचालन भैरहेको र आउने आर्थिक वर्ष थप विद्यालयहरुमा Library संचालन गर्न व्यवस्था मिलाईनेछ ।

२२. गुणस्तरीय शिक्षामा पहुँच पुर्याउन सामुदायिक विद्यालयहरुलाई गत वर्ष जस्तै थप विद्यालयहरुलाई नमूना विद्यालयको रुपमा सञ्चालन गर्ने कार्यक्रम ल्याइनेछ ।

२३. सामुदायिक विद्यालयको गुणस्तरिय वृद्धि गरी निजि र सामुदायिक विद्यालयहरुमा रहेको विषमता हटाईनेछ । प्रत्येक विद्यालयलाई बालमैत्री विद्यालमयको रुपमा विकास गर्ने गरी विद्यालयहरुको पूर्वाधार विकास गरिनेछ ।

२४. खेलकुद क्षेत्रको विकास गर्न पुर्वाधार निर्माणमा विशेष जोड दिइनेछ । गाउँपालिकाभित्र खेलकुदलाई प्रोत्साहन गर्न कम्तिमा "**एक वडा एक खेलकुद मैदान**" निर्माण गर्ने नीति लिइनेछ र एक गाउँपालिकास्तरिय खेलकुद मैदान यस वर्ष सम्पन्न गर्ने निति लिईनेछ ।

२५. **यही वर्षदेखी खेलाडीहरुको क्षमता वृद्धी गर्नको लागी अध्यक्ष कप खेलकुद प्रतियोगीता खेलाउने** निति लिईनेछ।

२६. भ्रष्टाचारजन्य क्रियाकलापप्रति शुन्य सहनशीलताको अवधारणा अपनाइनेछ । गाउँपालिका मार्फत हुने कार्यक्रमहरुको पारदर्शिता तथा जवाफदेहिता प्रवर्द्धन हुने गरी गाउँपालिकाका हरेक क्रियाकलापमा जनताको सहज पहुँच सुनिश्चित गरिनेछ ।

२७. पुर्वाधार निर्माण गर्ने जस्तै बाटो कालोपत्रे गर्ने, ट्र्याक निर्माण गर्ने, पक्की पुल (मोटरेवल पुल), खानेपानी सिचाई र जलविद्युत आयोजना निर्माणमा आफ्नो लगायत प्रदेश र संघीय सरकारको ध्यान केन्द्रित गरिनेछ र यसै वर्ष प्रदेशीक सरकारको सहयोग लिई गाउँपालिकाले नै बाटो कालो पत्रे गर्ने कामको शुरुवात गर्ने निति लिईनेछ ।

२८. गाउँपालिकाको विद्यमान आर्थिक सामाजिक सांस्कृतिक तथा वित्तिय स्रोत साधन भएको गाउँपालिकाको बस्तुगत विवरण (Profile) निर्माण सम्पन्न गरिनेछ ।

२९. बिगतमा सानातिना आयोजनाहरुमा गरिएको लगानीबाट अपेक्षित उपलब्धि हासिल हुन नसकेको र वर्षेनी अनुत्पादक क्षेत्रमा लगानी वृद्धि भएको कुरालाई आत्मसात गर्दै आगामी आर्थिक वर्षमा गाउँपालिकाको चौतर्फी विकासमा महत्वपूर्ण योगदान दिन सक्ने खालका ठोस योजनामा लगानी गरिनेछ र योजनालाई क्रमागत ढङ्गले अगाडी बढाइनेछ । योजना छनौट गर्दा जन सहभागीतालाई प्राथमिकता दिने निति लिइनेछ ।

३०. यस गाउँपालिकाको प्रमुख सडकका रुपमा रहेको मिर्मि, बिर्घा, वैघा, रानीघाट खण्ड र बैघा, आलमदेवी हुँदै गुल्मी जिल्लाको रिडी जोड्ने सडक तोकिएको समयमा नै सम्पन्न गर्न पहल गरिनेछ । भौतिक विकासको न्यूनतम आधार सडक पुर्वाधार भएकोले कम्तिमा वडाको केन्द्र देखि गाउँपालिका केन्द्र जोड्ने सडकलाई १२ महिना नै सुचारु गर्न सकिने गरी सडकको विस्तार तथा स्तरोन्नतिमा जोड दिइनेछ। वडाको केन्द्र जोड्ने सहायकस्तरका सडकहरुको

समेत स्तरोन्नति गरी गाउँपालिकास्तरीय रिङरोड स्थापनामा जोड दिईनेछ । छाप, दप्छे, वैघा हुदै रिडि जोड्ने सडक, जैपते, लिहाक, इमशिल, बारीचौर, टङ्ल्याहा, सटुका, प्युघा हुदै रिडि सडक, गहलाम , गोक्रोङ्घा, लसर्गाबिसी हुदै रुद्रबेणी सडक र रुद्रबेणी, देउराली हुदै रानीघाट जोड्ने सडकलाई वडा नं १,२ र ३ को लागी सिद्ध गुफा, धोवादी खा. पा. , वडा नं ४ र ३ वडाको लागी खा. पा. र ठूला सिँचाई को अध्ययन गरी गा. पा. को गौरवको आयोजनाको रुपमा अगाडी बढाईने निति लिईनेछ ।

३१. जनतालाई सहज, सर्वसुलभ र छरितो सेवा पुर्याउन सकिने गरी गाउँपालिका एवं यसका सबै वडाहरुको संस्थागत क्षमता अभिवृद्धि गरिनुका साथै आवश्यक स्रोत साधनको व्यवस्था गरिनेछ ।

३२. गाउँपालिकाभित्र प्रशस्त धार्मिक तथा पर्यटकीय सम्भावना रहेकोले आन्तरिक तथा बाह्य पर्यटकहरुको गन्तव्यस्थलका रुपमा पहिचान बनाउन विभिन्न धार्मिक तथा पर्यटकीयस्थलहरुको व्यापक प्रचार प्रसारका लागि विभिन्न सञ्चारमाध्यमहरुसँग सहकार्य र विभिन्न स्थानमा होडिङ्ग बोर्डको व्यवस्था गरिनेछ । पर्यटकको सुविधाका लागि विभिन्न स्थानहरुमा होमस्टे स्थापना तथा निजी क्षेत्रलाई सुविधा सम्पन्न होटलको व्यवस्था गर्न प्रोत्साहित गर्ने नीति लिइनेछ र सन् २०१९ लाई कालीगण्डकी गा.पा. को आन्तरिक पर्यटन वर्षको रुपमा मनाउने निति लिईनेछ ।

३३. गाउँपालिका भित्र सबैको सहज पहुँच सुनिश्चित गर्न नगर बस सञ्चालन सम्बन्धी सम्भाव्यता अध्ययन गरिनेछ ।

३४. गाउँपालिकाभित्र उत्पादित फोहरमैलाको उचित संकलन र व्यवस्थापनका लागि पुर्वाधार उपलब्ध गराई फोहर वर्गीकरण गर्ने कार्यमा जनतालाई प्रोत्साहित गरिनेछ । जसले फोहर गर्छ उसले पैसा तिर्छ (Polluters Pay Principle) भन्ने सिद्धान्तको अनुशरण हुने गरी फोहरबाट कर संकलन गर्ने कार्यको थालनी गरिनेछ ।

३५. गाउँपालिकाका सबै वडाहरु खुला दिसामुक्त भै सकेको तथा वडा नं १ अन्तर्गतका दुईवटा टोललाई पुर्ण सरसफाईयुक्त वडा समेत घोषणा गरिसकिएको छ । गाउँपालिकाका अन्य वडालाई समेत क्रमश: पूर्ण सरसफाईयुक्त वडा घोषणा गर्दै लगिनेछ र सोका लागि आवश्यक पुर्वाधार स्थापना गर्न प्रोत्साहित गर्ने नीति लिईनेछ ।

३६. जेष्ठ नागरिकलाई घरमै गई स्वास्थ्य जाच गर्न घर घरमा स्वास्थ्यकर्मी अभियान संचालन गरिने छ । प्रत्येक बुहारीहरुलाई बालबालीका र बृद्धाबृद्धीको हेरचाह सम्बन्धी आधारभूत तालिमको व्यवस्था मिलाईनेछ । स्वास्थ्य संस्थामा सुत्केरी गराउन प्रोत्साहीत गर्ने व्यवस्थामा जोड दिईनेछ । गा. पा. ले एम्बुलेन्सको व्यवस्था गर्ने निति लिईनेछ ।

७. **महिला, अपाङ्ग, बालबालिका, जेष्ठ नागरीक, विपन्न र लोपोन्मुख र सिमान्तीकृत समुदायलाई सुरक्षण** *गरिनेछ ।*

८. विकास कार्यको कार्यान्वियन हरेक आर्थिक वर्षको मसान्तमा हुने परिपाटीले योजना तथा कार्यक्रममा गरिएको लगानीमा प्रभावकारिता नदेखिएको र हरेक वर्ष बजेट मात्र खर्च हुने र सोको प्रतिफल प्राप्त नहुने कार्यलाई पूर्ण रुपमा निरुत्साहित गर्दै आर्थिक वर्षको अन्त्यमा निकासा वा खर्च गर्ने प्रकृया अन्त्य गरिनेछ ।

९. कार्यरत राष्ट्रसेवक कर्मचारीहरुको उत्प्रेरणा र *मनोबल अभिवृद्धि गर्न कार्यसम्पादनका आधारमा प्रोत्साहन गर्न* सकिने नीति अवलम्बन गरिनेछ ।

०. गाउँपालिका मार्फत विभिन्न समूह संस्थाहरुका लागि विनियोजन भएका रकमहरु कार्यान्वयन गर्न कानून बमोजिम दर्ता भएका समूह संस्थाहरुलाई मात्र मान्यता दिइनेछ ।

१. गाउँपालिकाको आगामी आ.व. २०७५/७६ को बजेट तथा कार्यक्रम मार्फत सम्बोधन गर्ने समकिएका आयोजनाहरुको सम्भाव्यता अध्ययनका लागि गाउँपालिकाबाट आवश्यक बजेट व्यवस्था गरिनेछ ।

२. गाउँपालिकाबाट सञ्चालित आयोजनाहरुको अनुगमन र मूल्याङ्कन कार्यका लागि गाउँपालिकाले सम्बन्धित वडा बाहेक फरक पदाधिकारीलाई जिम्मेवारी तोकी अनुगमन गराइनेछ ।

४३. समाजका केही युवा जगतमा सांस्कृतिक विचलनका रुपमा देखा परेका विकृतिलाई अन्त्य गरी सभ्य समाज निर्माणमा विशेष जोड दिइनेछ । यसको लागी विद्यालय तहबाट शुरुवात गर्न विद्यालय ९।५० बजे संचालनमा ल्याउने व्यवस्था मिलाई सो सम्बन्धी प्रचार प्रसार र प्रवचन दिने व्यवस्था मिलाई निति लिईने छ ।

४४. गाउँपालिकाभित्र बसोबास भएका तर आफ्नो नाममा जग्गा दर्ता नभएका सुकुम्वासीहरुको बसोबासलाई व्यवस्थित गर्ने नीति लिइनेछ ।

४५. सचार तथा पत्रकारीता क्षेत्रको विकासको लागी उचित कार्यक्रमको व्यवस्था गरिनेछ ।

४६. अन्त्यमा यस कालीगण्डकी गाउँपालिकाको समृद्धिमा महत्वपूर्ण योगदान पुर्याउन सबै राजनैतिक दलहरु, निजी क्षेत्र, नागरिक समाज, सञ्चार जगत, गैरआवासीय नेपाली, सम्पूर्ण देशवासीहरु, राष्ट्रिय, अन्तराष्ट्रिय संघ संस्थाहरु,राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षाकर्मीहरु , हाम्रा अन्य विकास साझेदारहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं।